## अध्याय एक

# शोध परिचय

### १.१ विषय परिचय

बि.(बम) थुलुङको न्वारनको नाम बन्दवीर थुलुङ हो । नेपाली नागरिकता अनुसार उनको नाम बम थुलुङ हो । साहित्यमा उनी बि. थुलुङका नामले चिनिन्छन् । उनी २०१० साल जेठ २९ गते मङ्गलबारका दिन खोटाङ जिल्ला बुइपा गाविस वडा नं. ६ छापगाउँ तिनधारेमा जन्मिएका हुन् । उनी पिता अंगदबहादुर राई र माता मनलक्ष्मी राईका जेठा छोरा हुन् । बि. (बम) थुलुङले २०२६ सालमा प्रवेशिका उत्तीर्ण गरी इतिहास र संस्कृति विषयमा (२०३६ सालमा) स्नातकोत्तर गरेका छन् । उनी निरन्तर शिक्षण पेसामा आवद्ध रहेको पाइन्छ । २०३६ सालदेखि पाटन संयुक्त क्याम्पस पाटनढोका ललितपुरमा प्राध्यापन पेसामा प्रवेश गरी २०४२ साल पुस ४ गतेबाट दिक्तेल बहुमुखी क्याम्पस दिक्तेलमा उपप्राध्यापक पदमा नियुक्ति भई २० वर्ष क्याम्पस प्रमुखका रूपमा उनले प्राध्यापन गरेका हुन् । वि. सं. २०३८-३९ मा अन्नपूर्ण हिमालको आरोहण समेत उनले गरेको देखिन्छ । उनले विभिन्न साहित्यिक सामाजिक सङ्घ-संस्थाहरूको प्रमुखको भूमिका निर्वाह गरेका छन् । साहित्यका क्षेत्रमा उनका केही फुटकर रचनाहरू र 'अनुभूत' लघुकथा सङ्ग्रह (२०६२) प्रकाशित भएका छन् ।

बि. (बम) थुलुङ साहित्यिक व्यक्तित्व हुन् । उनको एक मात्र प्रकाशित कृति 'अनुभुत' लघुकथा सङ्ग्रह हो । थुलुङका अप्रकाशित कृतिका पाण्डुलिपिहरू मध्येमा संस्मरण निबन्ध सङ्ग्रह रहेको छ । उनी मूलतः लघुकथाकारका रूपमा चिनिन्छन् । बि. (बम) थुलुङले नेपाली साहित्यमा योगदान पुऱ्याएको छन् । २०६१ सालबाट नाक कानको क्यान्सर रोगबाट पीडित भई २०६३ साल चैत्र ५ गते आइतबारका दिन थुलुङको देहवासन भएको हो । उनको साहित्य तथा शैक्षिक क्षेत्रमा योगदान तथा जीवनी व्यक्तित्व र कृतित्वका विविध पक्षलाई यस शोधमा अध्ययनको विषय बनाइएको छ ।

### १.२ समस्या कथन

बि. (बम) थुलुङ नेपाली साहित्यमा लघुकथाकार रूपमा परिचित छन् । उनको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन गरिनु यस शोध कार्यको मुख्य समस्या हो । यस शोधमा निम्न लिखित समस्याको समाधान खोजिएको छ :

(क) बि. (बम) थुलुङको जीवनी के कस्तो रहेको छ ?

(ख) बि. (बम) थुलुङका व्यक्तित्वका पाटाहरू के कस्ता रहेका छन् ?

(ग) वि (बम) थुलुङका साहित्यिक, कृतित्व र योगदान के कस्तो रहेको छ ?

## १.३ शोध कार्यका उद्देश्यहरू

प्रस्तुत शोध कार्यमा समस्या कथनमा उठाइएका विषयको समाधान र थुलुङको जीवनी, व्यक्तित्व र कृतित्वको व्यवस्थित अध्ययन गर्नका लागि निम्न लिखित उद्देश्यहरू राखिएका छन् :

(क) बि. (बम) थुलुङको जीवनी अध्ययन गर्नु,

(ख) बि.(बम) थुलुङको व्यक्तित्वका विभिन्न पाटाहरूको निरूपण गर्नु,

(ग) बि.(बम) थुलुङको साहित्यिक अध्ययन गर्दै कृतित्वको विश्लेषण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

बि.(बम) थुलुङले नेपाली साहित्यको क्षेत्रमा योगदान दिए पनि उनको जीवन, व्यक्तित्व र कृतित्वको विषयमा शोधमूलक कार्य भएको देखिँदैन । उनका योगदानका विषयमा भूमिका लेखन तथा शुभकामना, मन्तव्य दिने क्रममा प्राप्त भएका पूर्व चर्चा निम्न लिखित छन् :

(क) रामविक्रम थापाको "साहित्यिक सेरोफेरोमा खोटाङ" शीर्षक लेख प्रतिभा (२०५३) अङ्क २ पृष्ठ १५ मा खोटाङ जिल्लाका कवि र कथाकारहरूको सूची प्रस्तुत गर्ने क्रममा बि. थुलुङलाई लेखकको सूचीमा राखेका छन् ।

(ख) धनप्रसाद सुवेदी श्रमिकले "खोटाङे साहित्य सङ्क्षिप्त आकलन" **समय** वर्ष १, अङ्क १, पृष्ठ ९ (२०५९) मा खोटाङ जिल्लाका विभिन्न विधाका विभिन्न स्रष्टाहरूको चर्चा गर्ने क्रममा बि.(बम) थुलुङलाई कथाकार तथा संस्मरणकारका रूपमा उल्लेख गरेका छन् ।

(ग) गोरखबहादुर सिंहले बि. (बम) थुलुङको कृति 'अनुभूत'को भूमिका (२०६२) मा वि. (बम) थुलुङ का रचना स्थानीय परिवेश झरना, गाउँ, बस्ती, पाखा सामाजिक राजनीतिक विसङ्गतिले महत्व पाएको उल्लेख गरेका छन् ।

(घ) धनप्रसाद सुवेदी श्रमिकले बि. (बम) थुलुङको कृति 'अनुभूत' (२०६२) को प्रकाशकीय लेखनमा थुलुङले शैक्षिक तथा सामाजिक क्षेत्रमा गरेको योगदान महत्वपूर्ण रहेको र प्रस्तुत कृतिले मानवीय संवेदनालाई उजागर गरेको छ । अनुभूत एउटा संवेदनशील प्राज्ञिक मनमस्तिष्कको सुन्दर सृजना हो भनी उल्लेख गरेका छन् ।

(ङ) धनप्रसाद सुवेदीले खोटाङ पत्रिका (२०६४) मा 'अनुभूत' लघुकथा सङ्क्षिप्त रेखाङ्कन शीर्षकमा उल्लेख गरेका छन् ।

उपर्युक्त पूर्व कार्यको अध्ययनमा बि. (बम) थुलुङको जीवनी, व्यक्तित्व र कृतित्वको सामान्य चर्चा मात्र भएको छ । विस्तृत रूपमा शोधमूलक अध्ययन हुन नसकेको हुँदा यसको शोधमूलक अध्ययन गर्न आवश्यक ठानी यो शोधकार्य गरिएको छ ।

## १.५ शोधकार्यको औचित्य

बि. (बम) थुलुङको जीवनी व्यक्तित्व कृतित्वको केही मात्रामा टिप्पणी भएका छन् । उनका व्यवस्थित रूपमा विषयमा अध्ययन अनुसन्धान भएका छैनन् । उनको साहित्यिक शैक्षिक, प्रशासनिक व्यक्तित्वको चिनारीको पनि महत्व छ । थुलुङको लघुकथाकारिताका विषयमा सम्पूर्ण अध्येतालाई जानकारी हुने भएकाले प्रस्तुत शोधकार्य गर्नु आफैमा औचित्य रहेको छ । बि. (बम) थुलुङ र उनका कृतिका बारेमा अध्ययन गर्न चाहने अध्येता तथा शोधार्थीका लागि प्रस्तुत शोधकार्य महत्वपूर्ण सामग्रीका रूपमा रहेको हुनाले यसको औचित्य रहेको छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

बि. (बम) थुलुङका विविध व्यक्तित्वमध्ये यस शोधपत्रमा लेखकीय व्यक्तित्वका बारेमा अध्ययन गरिएको छ । यस शोधपत्रमा उनको जन्मदेखि मृत्युसम्मको समयावधिलाई अध्ययनका रूपमा लिइएको छ । उनको लघुकथा 'अनुभूत' को विश्लेषण यस शोधकार्यको सीमा हो ।

## १.७ सामग्री सङकलन

प्रस्तुत शोधकार्य बि. (बम) थुलुङको जीवनी, व्यक्तित्व र कृतित्वमा केन्द्रित छ । उनका विषयमा भएका अध्ययनका सामग्री पुस्तकालयीय अध्ययनबाट लिइएको छ । उनका जीवनीका विविध पक्ष उनका बुबा, आमासँगको सोधपुछ, धर्मपत्नीसँगको सोधपुछ, र सहपाठीहरूसँग सोधपुछ गरिएको छ । यस सन्दर्भमा बि. (बम) थुलुङको पारिवारिक स्रोत ( पिता अंगतबहादुर राई, माता मनलक्ष्मी राई, धर्मपत्नी बालु थुलुङ, भाइ चमा थुलुङ र बाल्यकालका सहपाठी कलमवीर थुलुङसँगको कुराकानी) बाट सूचना सङकलन गरिएको छ ।

## १.८ शोध विधि

प्रस्तुत शोधकार्यमा सङकलित सामाग्रीको प्रस्तुतीकरण र विश्लेषणका क्रममा बर्णनात्मक तथा विश्लेषणात्मक विधिलाई अपनाइएको छ । कृतिको विश्लेषण गर्दा प्रचलित विधा सिद्वान्तलाई आधार मानिएको छ ।

## १.९ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधकार्यलाई ५ अध्याय र आवश्यकता अनुसार विविध शीर्षक तथा उपशीर्षकहरूमा विभाजन गरी अध्ययन गरिएको छ । शोधपत्रको रूपरेखाको ढाँचा यस प्रकार छ ।

अध्याय एक : शोध परिचय

अध्याय दुई : बि (बम) थुलुङको जीवनी

अध्याय तीन : बि (बम) थुलुङको व्यक्तित्व

अध्याय चार : बि (बम) थुलुङको कृतित्व

अध्याय पाँच : उपसंहार तथा निष्कर्ष

- परिशिष्ट
- सन्दर्भ ग्रन्थ सूची

# अध्याय दुई

# बि. (बम) थुलुङको जीवनी

## २.१ विषय प्रवेश

प्रस्तुत शोधपत्र शोधनायक बि (बम) थुलुङको जीवनीको अध्ययन रहेको छ । उनको जीवनको विविध पक्षको अध्ययन यस अध्यायमा प्रस्तुत छ । उनका जीवनमा विविध पक्ष विवाह, दाम्पत्य जीवन, आर्थिक पक्ष, पेसा-व्यवसाय, धर्म संस्कार लेखनमा प्रेरणा र योगदानका आदि विषयका बारेमा यस अध्यायमा खोजी गरिएको छ ।

## २.२ जन्म र स्थान

बि (बम) थुलुङको जन्म २००८ साल जेठ २९ गते भएको हो । उनको न्वारनको नाम बन्दवीर थुलुङ हो (शोधनायकको आमासँग २०६९-मङसिर-११ मा लिइएको अन्तर्वार्ता) । बि. (बम) थुलुङको नागरिकतामा भने उनको जन्म मिति २०१० साल जेठ २९ गते मङगलबार रहेको छ (नेपाली नागरिकताको प्रमाणपत्र अनुसार) । उनी सगरमाथा अञ्चल खोटाङ जिल्ला बुइपा गाविस वडा नं. ६ को छापगाउँ, तीनधारेमा जन्मिएका हुन् । पिता अंगदबहादुर राई र माता मनलक्ष्मी राईको कोखबाट जन्मिएका थुलुङ परिवारका जेठा सन्तान हुन् ।

## २.३ वंश तथा परम्परा र पारिवारिक पृष्ठभूमि

बि. (बम) थुलुङको बसोवास सगरमाथा अञ्चल खोटाङ जिल्लाको बुइपा गाविस वडा नं. ६ छापगाउँ, तीनधारेमा हो । उनका बाजेको नाम वीरबकस राई र बज्यैको नाम मोती राई हो (शोधनायकका बुबासँग २०६९-मङसिर ११ मा लिइएको अन्तर्वार्ता) । उनका बाबुका दाजुभाइ जम्मा पाँच भाइ हुन् । बि. (बम) थुलुङका जेठा बा पन्थबहादुर राई, माइला बि. (बम) थुलुङका पिता अंगतबहादुर राई, साइला स्वर्गीय नवराज राई, काइला बुद्धिमान राई र कान्छा पञ्चवीर राई हुन् । उनको मावली खार्पाको रुबुङ हो (शोधनायकका बुबा आमासँग २०६९ मङसिर ११ मा लिइएको अन्तर्वार्ता; हेर्नू परिशिष्ट १) ।

## २.४ बाल्यकाल

बि. (बम) थुलुङको बाल्यकाल खोटाङ जिल्लाको बुइपा गाविस वडा नं. ६ मा नै बितेको हो । उनी बाजे, बज्यै, ठुलाबा, ठुलीआमा, काका काकी, फुपूहरू रहेको संयुक्त परिवारमा जन्मिएका एक्ला बालक हुन् । उनी एक्ला बालक भएकाले परिवारको एकलौटि माया र स्नेह पाएका छन् (शोधनायकका आमा, बुवाबाट लिइएको अन्तर्वार्ता) । बि. (बम) थुलुङ करिब तीन वर्षको उमेर देखि नै बाजेसँग गोठमा सुत्ने गाई, भैंसी, भेडा, बाखा गोठालो गर्न जाने गरेको पाइन्छ । उनी बाजेसँगै गौचरनमा गौँडा-गौँडामा बस्तुभाउ छेक्ने र गाउँकै फाँटहरूमा साथीभाइसँग गिर, कबर्दी जस्ता स्थानीय खेलहरू खेल्ने गरेको पाइन्छ ।

शोधनायकका साथी कलमवीरसँग लिइएको अन्तर्वार्ता) । उनका बाल्यकालका दौतरीहरू धुमु दाजै (कलमवीर), महल दाजै मकरबहादुर, साने दमै, पञ्च कुमारी, मैयाँ, हिरबहादुर आदि हुन् । उनी बाल्यकालका दौतरीसँग वन, पाखा, जङ्गलमा घाँस दाउरा सँगै जाने र स्थानीय खेलहरू खेल्ने गरेको पाइन्छ (शोधनायकका बाल्यकालका साथी कलमवीर थुलुङसँग २०६९ मङसिर ११ मा लिएको अन्तर्वार्ता) । बि. (बम) थुलुङलाई खानामा मिठो मसिनो नचाहिने भोक लाग्यो नभन्ने, कलह नगर्ने, मकै भटमास, मोही र गुन्द्रुक बढी मन पराउने व्यक्ति हुन् (शोधनायककी आमासँग २०६९ मङसिर ११ मा लिइएको अन्तर्वार्ता) ।

## २.५ शिक्षादीक्षा

बि. (बम) थुलुङले ५-६ वर्षको उमेरबाट अक्षराम्भ गरी घरमै काइला काका बुद्धिमानबाट कख सिकेका छन् । उनी बुइपा बजार स्थित पाटीमा सञ्चालित पाठशालामा काठको हाते कालो पाटी र खरी बोकी महल दाजै र साने दमैका साथमा पढ्न जाने गरेको पाइन्छ ( शोधनायककी आमासँग २०६९ मङसिर ११ मा लिइएको अन्तर्वार्ता ) । उनले प्रावि. मावि. तहको शिक्षा श्री चम्पावती उमावि बुइपामा पूरा गरी २०२६ सालमा भोजपुरबाट प्रवेशिका परीक्षा दिई २०२७ सालमा तृतीय श्रेणीमा प्रवेशिका परीक्षा उत्तीर्ण गरेका हुन् । उनी २०२७ सालमा प्रवेशिका परीक्षा उत्तीर्ण गरी महेन्द्र बहुमुखी क्याम्पस धरामा प्रमाण-पत्र तह पढ्न गएका छन् । बि. (बम) थुलुङले सन् १९७२ मा भारतको दरवंगा मधुवनी क्याम्पस विहारबाट प्रमाण-पत्र उत्तीर्ण गरेको पाइन्छ । उनले वि. सं. २०३३ मा महेन्द्र बहुमुखी क्याम्पस धरानबाट स्नातक उत्तीर्ण र वि. सं. २०३६ मा त्रिविबाट नेपालको इतिहास, संस्कृत र पुरातत्व विषयमा स्नातकोत्तर उपाधि हासिल गरेका हुन् ( शोधनायकका साथी कलमवीर थुलुङसँग २०६९ मङसिर ११ मा लिइएको अन्तर्वार्ता र उनका शैक्षिक योग्यताका प्रमाणपत्रबाट ) । उनको औपचारिक शिक्षासँगै अनौपचारिक रूपमा पनि अध्ययन गर्ने गरेको पाइन्छ ।

## २.६ दाजुभाइ तथा दिदीबहिनी

बि. (बम) थुलुङको राई भित्रको भाषिक समूह थुलुङ थर भित्र पर्ने हुँदा उनले आफ्नो नाममा बम थुलुङ बनाएका हुन् । उनका पिता ब्रिटिसमा लाहुरे भई १० वर्ष तीन महिना ब्रिटिस सैनिकमा सेवारत भई हाल छुट पेन्सन खाइरहेका छन् । बि. (बम) थुलुङ तीन भाइ दाजुभाइ र दुई दिदी बहिनी मध्येका जेठा हुन् । उनका बुबा ८४ बर्ष र आमा ८३ बर्षका छन् । उनका बुबा आमा जन्मथलो बुइपामा नै कान्छा छोरा बुहारीको रेखदेखमा बसेका छन् ( शोधनायकका बुबा आमासँग २०६८ मङसिर ११ मा लिएको अन्तर्वार्ता )

## २.७ विवाह तथा सन्तान

बि. (बम) थुलुङको विवाह २०५२ साल मङसिर २७ गते खोटाङ जिल्लाको ढुम्रे धारापानी गाविस वडा नं. ६ निवासी पिता तारामान राई माता तीर्थ राईकी कान्छी सुपुत्री

बालु राईसँग भएको हो । उनीहरूको जातीय परम्परा र रीतिरिवाज अनुसार मागी विबाह भएको हो ( शोधनायककी धर्मपत्नीसँग २०६९ कात्तिक १८ लिइएको अन्तर्वार्ताबाट )। बि. (बम) थुलुङ २००८ सालमा जन्मिएका र उनकी धर्मपत्नी २०३४ सालमा जन्मिएकी हुँदा वैवाहिक सम्बन्धमा उमेरगतको फरक देखिए पनि बि. (बम) थुलुङको पहिलो घरवार नै हो । उनलाई घरपारिवारबाट पटक-पटक विवाह गर्नुपर्छ भन्दा वैवाहिक सम्वन्धमा नजेलिने भनी पन्छिने गरेको र पछि आफ्नै इच्छाले विवाह गर्ने मनसाय बनाई दाम्पत्य जीवनमा बाधिएको पाइन्छ ( शोधनायककी आमासँग २०६९ मङसिर ११ मा लिइएको अन्तर्वार्ता ) । बि. (बम) थुलुङका सन्तानहरूमा दुई छोराहरू छन् । उनका जेठा छोरा रिवाज थुलुङ २०५३ मंङसिर १७ र कान्छो छोरा विराज थुलुङ २०५५ माघ २ मा जन्मिएका हुन् । उनका धर्मपत्नी र छोराहरू काठमाडौँमा बसोबास गरिरहेका छन् ( शोधनायककी धर्मपत्नीसँग २०६९ कात्तिक १८ मा लिइएको अन्तर्वार्ता ) ।

## २.८ दाम्पत्य जीवन

बि. (बम) थुलुङले २०५२ सालमा विवाह गरी दाम्पत्य जीवनको अध्याय सुरु गरेका छन् । उनी लगभग ११ वर्षसम्मको दाम्पत्य जीवनयापन गरी २०६३ सालमा स्वर्गवास भएका हुन् । उनी छोटै अवधिको दाम्पत्य जीवनमा रहँदा पत्नी र बालवच्चाप्रति अति प्रेम गर्ने, परिवारमा कुनै किसिमको दुःखको अनुभूति नगराएको अवस्था छ । उनीसँग दाम्पत्य जीवनमा रहँदाको समय सुखमय भएको छ (उनकी धर्मपत्नीसँग २०६९ कात्तिक १८ मा लिइएको अन्तर्वार्ता) ।

## २.९ पेसा व्यवसाय

बि. (बम) थुलुङको मुख्य पेसा शिक्षण हो । उनले शैक्षिक क्षेत्रमा प्रवेश गरी समाज सेवा र साहित्यको क्षेत्रमा काम गरेका छन् । उनले कक्षा ८ मा पढ्दै अनौपचारीक शिक्षाको प्रौढ कक्षा सञ्चालन गरेको पाइन्छ । बि. (बम) थुलुङले प्रवेशिका उत्तीर्ण हुनु अगावै सरस्वती निमावि अर्खौलेमा ६ महिना शिक्षण गरेको देखिन्छ । उनीले प्रमाण-पत्र तह अध्ययन गर्दै गर्दा उदयपुरको जहडा निमाविमा ८ महिना शिक्षण गरेको देखिन्छ ( शोधनायकका साथि कलमवीर थुलुङसँग २०६९ मङसिर ११ मा लिइएको अन्तर्वार्ता ) । बि. (बम) थुलुङले २०३१ देखि ब्रिटिक क्याम्पस धरानको डेपोड हाइस्कुलमा शिक्षण गरेको पाइन्छ । उनी २०३६ साल कात्तिक १४ गतेबाट ललितपुरको संयुक्त पाटन क्याम्पसमा प्राध्यापन सुरु गरी छ वर्ष दुई महिना पश्चात् २०४२ पुस ४ बाट दिक्तेल बहुमुखी क्याम्पस दिक्तलेमा प्रध्यापन गरेको पाइन्छ । उनले सुरुमा उप-प्राध्यापक पाइ सह-प्राध्यापकको पदमा रहनका साथै दिक्तले बहुमुखी क्याम्पसको प्रमुखका रूपमा काम गरेको पाइन्छ । ( शोधनायकको व्यक्तिवृत्तबाट ) ।

बि. (बम) थुलुङ २०४२ सालदेखि दिक्तेल बहुमुखी क्याम्पसमा क्याम्पस प्रमुख भएकाले खोटाङ जिल्लाको सदरमुकाम दिक्तेलमा नै घर बनाई बसोबास गर्दै आएको पाइन्छ । उनले २०६१ सालमा काठमाडौ महानगरपालिका वडा नं. ७ को मैजुवहाल भन्ने ठाँउमा घर बनाई बसोबास गर्दै आएको पाइछ । उनका धर्मपत्नी र दुई छोराहरू हाल काठमाडौँमा नै बसोबास गर्दै आएका छन् । बि. (बम) थुलुङको २०६३ साल चैत्र ५ गते आइतबारका दिन देहवासन भएको हो ( शोधनायककी धर्मपत्नी बालु थुलुङसँग २०६९ कात्तिक १८ गते लिएको अन्तर्वार्ता ) ।

## २.१० रुचि स्वभाव

बि. (बम) थुलुङ सहनशील भद्र स्वभावका व्यक्ति भएको पाइन्छ । उनको बाल्यकाल गाउँमै बाजेसँग वस्तुगोठालो गरी वनपाखा घाँसा दाउरा सँगै स्थानीय विद्यालयमा मावि तह सम्मको अध्ययन गरी बितेको छ । उनी कसैसँग झैझगडा नगर्ने, आवश्यकता भन्दा बढी नबोल्ने, ठुलालाई आदर र सानालाई माया दिने स्वभावका थिए भन्ने पाइन्छ । उनी ठु-ठुला बौद्विक व्यक्तिसँग चाँडो भन्दा चाँडो घुलमिल हुन सक्ने व्यक्ति थिए भने पनि जानकारी पाइन्छ ( शोधनायकका साथी कलमवीर थुलुङसँग २०६९ मङ्सिर ११ मा लिइएको अन्तर्वार्ता ) ।

बि. (बम) थुलुङको रुचि, शैक्षिक सेवा, सामाजिक सेवा र साहित्य सृजना गर्ने रहेको छ । उनी विद्यार्थी जीवनमा बामपन्थी विचारबाट प्रभावित भई अनेरास्ववियु एकताको पाँचौमा रहेर विभिन्न कार्यमा सहभागी रहेको पाइन्छ ( शोधनायकले खोटाङ दर्पण पत्रिकाका लागि दिइएको लिखित अन्तर्वार्ताबाट ) ।

## २.११ वेशभूषा

बि. (बम) थुलुङले बाल्यकालमा गाँउमै सिलाएका कमिज, सुरुवाल, भोटो, कट्टु र टोपी लगाउने गर्थे भन्ने जानकारी छ ( शोधनायककी आमासँगको अन्तर्वार्ताबाट ) । पछिल्लो समयमा भने नेपाली पोसाक दौरा, सुरुवाल, कोट, टोपी, स्विटर र जुत्ता लगाउने गरेको पनि सूचना छ । बि. थुलुङ सर्ट, पाइन्ट, कोट, ट्र्याकसुटका साथै औठी घडिमा सजिएर हिँड्ने गरेको पनि उल्लेख छ । उनी जुनसुकै वेशभूषामा देखिए पनि सुहाउने जिउडाल रहेको छ । प्रायः फुस्रो, खरानी रङ, घिउ रङका पोसाक मन पराउने गरेको पनि उनकी धर्मपत्नी बताउँछिन् ( शोधनायककी धर्मपत्नीसँग २०६९ कात्तिक १८ मा लिइएको अन्तर्वार्ताबाट ) ।

## २.१२ धर्म संस्कार

बि. (बम) थुलुङको मुख्य धर्म किराँत हो । उनी हिन्दू धर्मलाई पनि सहायक धर्मको रूपमा लिएको पाइन्छ । उनको धर्म सस्कारका हकमा जन्म विवाह मृत्यु आदिमा गरिने विभिन्न परम्परा र चलन छ । बि. (बम) थुलुङ प्राकृतिक देव, भूमिदेव, वन पाखाको पूजा, अन्नबाली थन्काउँदा न्वागी खाने, साकेला तोसी नाच नाच्ने उँधौली, उँभौली, मङसिरे, वैशाखे

पूर्णिमा धुमधाम मनाउने गर्छन् । उनको धर्म संस्कारमा पितृ पूजा गर्दा गोरुको मासु चाहिन्छ ( शोधनायकका भाइ चमा थुलुङसँग भएको टेलिफोन वार्ताबाट ) ।

### २.१३ लेखनमा प्रेरणा

बि. (बम) थुलुङलाई साहित्य सृजनाका लागि विभिन्न क्षेत्रबाट प्रेरणा मिलेको देखिन्छ । उनी बुइपामा जन्मिएका हुनाले बुइपा साहित्य सृजनाको केन्द्र जस्तै थियो । उनको सङगत साहित्यकार जसराज किँराती र साहित्यकार हिराधन राईसँग हुनुका साथै २०२० बैशाख १ गते चम्पावती मावि. बुइपाबाट 'गोरेटो' हस्तलिखित पत्रिकाको प्रारम्भबाट साहित्य लेखनमा प्रेरणा मिलेको हो । उनले धरान कलेज पढ्दा २०२८ सालमा हिराधन दुखीसँग 'विहानी' नामक पत्रिकाको सम्पादन गरेको पनि देखिन्छ । बि. थुलुङ २०३४ मा स्नातकोत्तरको सेमेस्टरमा भाग लिन जाँदा राजकीय प्रज्ञा प्रतिष्ठानका तत्कालीन कुलपति लैनसिंह बाङदेलसँगको भेटघाटले साहित्य लेखनमा ऊर्जा थपेको छ ( शोधनायकको संस्मरण निबन्धको पाण्डुलिपिबाट ) । उनी खोटाङका साहित्यिक स्रष्टाहरूको जोस जाँगरमा स्थापना भएका साहित्यिक संस्थाहरूको संरक्षक रहेको हुँदा उनमा लेखनको हौसला जागेको पनि उल्लेख गरेका छन् (अनुभूत लघुकथा सङग्रह (२०६२) को भूमिका) ।

### २.१४ कृतिहरू

बि. (बम) थुलुङको साहित्य लेखनमा स्कूलमा पढ्दा कविताबाट सुरु भएको पाइन्छ । ती कविता हाल अप्राप्त छन् । उनका प्रकाशित पुस्तकाकार तथा फुटकर रचनाहरू निम्नानुसार छन् :

(१) प्रकाशित कृति : अनुभूत (लघुकथा)

(२) फुटकर रचना

(क) कविता

- **विहानी** प्रकाशित कविताको शीर्षक विहानी नै हो ।
- **आकाश गङ्गा** कविता विशेषाङ्क (२०५८) मा **सुन्दर दृष्टि : सुन्दर सृष्टि**को कविता प्रकाशित छ ।

(ख) लेख, रचना, संस्मरण निबन्ध र शैक्षिक आलेखहरू

- क्याम्पसको परिचय प्रतिवेदन, **नयाँ कदम** (२०५३) अंक २ बर्ष १६ पृष्ठ ३-४ दिक्तेल क्याम्पसको वार्षिक मुखपत्रमा
- क्याम्पसको गतिविधि, **नयाँ कदम** (२०५४) वर्ष १७ अङ्क ३ पृष्ठ १-३ दिक्तेल क्याम्पसको वार्षिक मुखपत्र

- **प्रतिभा** (२०५६) वर्ष ५ अङ्क ३ पृष्ठ ७-११
- शिक्षा जगत् खोटाङ, **दिक्तेल सांस्कृतिक महोत्सव स्मारिका** (२०५६) पृष्ठ १८-२२
- सांस्कृतिक परिचय, **गोरेटो** (२०५७) वर्ष १ अङ्क १ पृष्ठ १३-१४
- शैक्षिक पद्वति संरचना शिक्षा एक अवलोकन, **मुक्ति सन्देश** (२०५७) वर्ष १ अङ्क १ पृष्ठ १३-१४
- वेलुन विचरन (लघुकथा), **कर्मचारी** (२०५८) अङ्क २ पृष्ठ १०
- मुचुल्का (लघुकथा), **प्रतिभा** (२०५८) वर्ष ७ अङ्क ५ पृष्ठ ९
- संस्मरण सम्झनाभरी श्रद्वासुमन, **नयाँ कदम** (२०५९) वर्ष २३ अङ्क ६ पृष्ठ ३२
- बीभत्सता भित्रको आशा, **प्रतिभा** (२०५९) वर्ष ८ अङ्क ६ पृष्ठ ७०-७१
- विवेकहीनताप्रतिको दया, **कर्मचारी** (२०५९) अङ्क ३ पृष्ठ २५
- प्राचीन वाङ्मय : सङ्क्षिप्त परिचय (खोटाङ (२०६५)
- अनुसन्धान : माझ किरातका चाम्लिङ राई (०३६) स्नातकोत्तर दोस्रो वर्षको शोधपत्र ।

## २.१५ मान सम्मान, अभिनन्दन, पुरस्कार

बि. (बम) थुलुङ विभिन्न क्षेत्रमा कार्यरत रहँदा पाएको मान सम्मान, पदक र कदरपत्रहरूका विवरण यसप्रकार छन् :

(क) पदकहरू

- सेवा पदक २०४४ (श्री ५ वीरेन्द्रको शुभजन्मोत्सवको अवसरमा)
- दैवीक प्रकोप उद्वार सेवा पदक २०४५ (श्री ५ वीरेन्द्रबाट)

(ख) कदरपत्रहरू

- कदरपत्र २०४५ (प्रधानमन्त्री मरिचमान सिंहबाट २०४५ सालको महा-भूकम्प पीडितलाई पुऱ्याएको सेवाको कदर स्वरूप)
- दीर्घ सेवा प्रमाणपत्र २०६१ (२५ बर्ष भन्दा बढी प्राध्यापन सेवामा संलग्न भए बापत दिक्तेल बहुमुखी क्याम्पसको रजत जयन्तीका अवसरमा)

## २.१६ सामाजिक तथा साहित्यिक सङ्घ-संस्थाहरूमा संलग्नता

बि. (बम) थुलुङ विभिन्न सामाजिक तथा साहित्यिक सङ्घ-संस्थाहरूमा आवद्व भएका छन् । उनी सहभागी भएका सङ्घ-संस्थाहरू यसप्रकार छन् :

(क) सामाजिक सङ्घ-संस्थाहरू

- संस्थापक सञ्चालक समिति अध्यक्ष २०२४ ( श्री सहयोगी प्रावि बुइपा )
- सचिव २०२८ ( महेन्द्र बहुमुखी क्याम्पस धरान स्ववियुको सामाजिक सेवा समिति -
- सदस्य २०३७ (त्रिविवि प्राध्यापक सङ्घ पाटन संयुक्त क्याम्पस )
- सदस्य सचिव २०४२ ( दिक्तेल बहुमुखी क्याम्पस दिक्तेल )
- अध्यक्ष २०४२ ( नेपाल कराँते सङ्घ खोटाङ )
- आजीवन सदस्य २०४३ ( नेपाल रेडक्रस सोसाईटी जिल्ला शाखा खोटाङ )
- सदस्य (२०४९) जिल्ला शिक्षा समिति खोटाङ
- अध्यक्ष (२०५२) वौद्विक सामाजिक मञ्च खोटाङ दिक्तेल
- संयोजक (२०५३) शैक्षिक जनशक्ति विकास केन्द्र, शिक्षक तालिम केन्द्र दिक्तेल
- अध्यक्ष (२०५४) शैक्षिक तालिम केन्द्र दिक्तेल क्याम्पस खोटाङ
- अध्यक्ष (२०५५) दिक्तेल खानेपानी सुधार विस्तार खोटाङ
- अध्यक्ष (२०५५) राष्ट्रिय विभूति प्रतिमा स्थापना समिति खोटाङ
- प्रमुख सञ्चालक (२०५७) दिक्तेल बचत तथा ऋण सहकारी संस्था खोटाङ
- उपाध्यक्ष (२०५८) मनमाया खानीडाँडा विमानस्थल निर्माण समिति खोटाङ
- आजीवन सदस्य (२०५९) नेपाल नेत्रज्योति संघ जिल्ला शाखा खोटाङ
- सदस्य( ) जिल्ला बाल कल्याण समिति खोटाङ
- सदस्य ( ) खोटाङ जिल्ला अस्पताल समिति
- सदस्य ( नेपाल स्काउट खोटाङ उपशाखा दिक्तेल

(ख) साहित्यिक संस्थाहरूसँग आबद्वता

- सदस्य (२०४२) पूर्वाञ्चल साहित्यिक प्रतिष्ठान खोटाङ
- मनार्थ सदस्य (२०४९) हिंडपा साहित्यिक परिवार विराटनगर, मोरङ
- आजीवन सदस्य (२०५२) नवजप्रतिभा साहित्यिक मञ्च खोटाङ
- सल्लाहकार (२०५७) प्रलेस खोटाङ

)        प्रमुख सल्लाहकार (२०५९) भानु प्रतिभा एवं भानु सेवा समिति

)        संस्थापक अध्यक्ष (२०६०) राष्ट्रिय वाङमय कला प्रतिष्ठान खोटाङ

## २.१७ अन्तिम अवस्था र मृत्यु

बि. (बम) थुलुङको मृत्यु २०६३ साल चैत्र ५ गते आइतबारका दिन बिहान ५ बजे भएको हो । उनलाई प्राणघातक रोग क्यान्सरले आक्रमण गर्नुपूर्व सामान्य मौसमी रोग रुघा खोकी बाहेक केही नहुने निरोगी ह्रष्टपुष्ट दरिलो शरीर भएका व्यक्ति भएको पाइन्छ (शोधनायककी धर्मपत्नीसँग २०६९ कात्तिक १९ मा भएको अन्तर्वार्ता) । बि. (बम) थुलुङ आफुलाई रोग लागेको भन्ने जानकारी गराउन नचाहेको पाइन्छ । उनी विभिन्न वाहानामा खोटाङ अस्पताल, काठमाडौका ओम अस्पताल, टिचिङ अस्पतालमा एक्लै जाने गरेका पाइन्छ । बि. (बम) थुलुङलाई २०६१ असोजदेखि नाक कानको क्यान्सर भएको भन्ने कुरा भाइ चमा थुलुङलाई मात्र थाहा भएको हो ( शोधनायकका भाइ चमा थुलुङसँग भएको कुराकानीबाट ) ।

बि. (बम) थुलुङ मृत्यु हुनु केही महिना अघि अन्तिम थेरापी गरेपछि अब उपचार नलाग्ने कुराको निश्चित भएपश्चात नाक, कानको क्यानसर रोगबाट ग्रस्त भई अन्तिम अवस्था भएको भन्ने कुरा धर्मपत्नीलाई थाहा भएको हो (शोधनायककी धर्मपत्नीसँग टेलिफोनबाट भएको कुराकानीबाट) । उनको मृत्यु भइसकेपछि दाहासंस्कारमा नरनाता, इष्टमित्र, शुभ-चिन्तक गरी करिब ९ सय जना खेताला (मलामी) भएका छन् शोधनायकका भाई चमा थुलुङसँग २०६९ मङ्सिर १५ मा भएको कुराकानीबाट) ।

## २.१८ निष्कर्ष

बि. (बम) थुलुङ सामान्य परिवारमा जन्मिएका शैक्षिक, सामाजिक, साहित्यिक क्षेत्रमा योगदान पुऱ्याउने व्यक्ति हुन् । उनको प्रारम्भिक शिक्षा घरबाटै सुरु भई माध्यमिक शिक्षा गाउँमै चम्पावती मावि बुइपाबाट पुरा भएको हो । उनले २०३६ सालमा इतिहास र संस्कृति विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरेका हुन् । उनी २०४२ सालदेखि दिक्तेल बहुमुखी क्याम्पसमा क्याम्पस प्रमुख रही खोटाङ जिल्लाको शैक्षिक, सामाजिक र साहित्यिक संस्थामा सक्रिय रही साहित्य र सामाजिक क्षेत्रमा क्रियाशील व्यक्तित्व हुन् । उनी २०५२ सालमा बालु राईसँग लगनगाँठो जोडी दुई सन्तानका पिता समेत बने । निरन्तर शिक्षण पेसामा आवद्ध रही सामाजिक र साहित्यमा संलग्न भई जीवन व्यतित गरेका व्यक्तित्व हुन् ।

# अध्याय तीन

# बि. (बम) थुलुङको व्यक्तित्व

## ३.१ विषय प्रवेश

प्रस्तुत शोधपत्र शोधनायक वि थुलुङको अध्ययन रहेको छ । उनका व्यक्तित्वका विविध पक्षसँग सम्बद्व रहेर शारिरीक, सामाजिक, प्रशासनिक, राजनीतिक, साहित्यिक व्यक्तित्वका बारेमा यस अध्यायमा प्रस्तुत गरिएको छ ।

## ३.२ व्यक्तित्वका विविध पक्ष

कुनै व्यक्तिको वैयक्तिक विशेषतालाई देखाउने गुण नै व्यक्तित्व हो । यसमा व्यक्तिव विशेषका निजीपनका साथै व्यक्तिले अरूलाई प्रभावित पार्ने व्यक्ति विशेषमा निहित विशेषता पाइन्छ । व्यक्तित्व निर्माणमा जीवनका विभिन्न पक्षको भूमिका हुन्छ । जीवनका हरेक मोडमा आइपर्ने बाधा व्यवधान तथा सम्बद्ध समाज संस्कार, शिक्षादीक्षा, पारिवारिक वातावरण आदिबाट व्यक्तित्व निर्माण हुन्छ । व्यक्तित्व निर्माणमा उसको सामाजिक, पारिवारिक, शैक्षिक, आर्थिक, धार्मिक आदि पक्षको महत्वपूर्ण भूमिका रहन्छ । व्यक्तिगत स्वभावले व्यक्तिगत व्यक्तित्व निर्धारण हुन्छ भने सिर्जनात्मक र सामाजिक कार्यले सामाजिक व्यक्तित्व बन्दछ । थुलुङको पनि सिर्जनात्मक र सामाजिक व्यक्तित्वका विविध पक्ष छन् (थुलुङको बाह्य र आन्तरिक व्यक्तित्वको परिचय विभिन्न शीर्षकमा हेर्न सकिन्छ ।

## ३.३ शारीरिक व्यक्तित्व

बि. थुलुङको शारीरिक व्यक्तित्व आकर्षक रहेको थियो । उनी करिब ५ फिट ६ इन्च उचाइ अन्दाजी ७० केजी तौल भएका व्यक्ति थिए । उनी मझौला कद, रातो वर्ण, उज्यालो चेहेरा, उच्च शिर, सधैं खुसी भएजस्तो हृष्टपुष्ट शरीरका धनी भएको र महङ्गोलीपन अनुहार देखिन्थ्यो । उनी प्राय : साधारण मानिसले लगाउने सर्ट, पाइन्ट, कोर्ट, स्विटर, कमिज सुरवाल, टोपी, हातमा घडी र एउटा सुनको औठी बि. थुलुङको बाह्य बेशभूषाले रूपमा रहेको पाइनु शारीरिक व्यक्तित्वमा थप आकर्षण दिने गरेको उनकी धर्मपत्नी बताउँछिन् । (शोधनायककी धर्मपत्नीसँग २०६९ कात्तिक १८ मा लिइएको अन्तर्वार्ताबाट ) ।

## ३.४ साहित्यिक व्यक्तित्व

नेपाली साहित्यका फाँटमा बि. (बम) थुलुङको व्यक्तित्वलाई एक लघुकथाकारका रूपमा लिन सकिन्छ । उनले फुटकर रूपमा केही कविता, निवन्ध आदिको सृजना गरेका छन् ।

### (क) कवि व्यक्तित्व

बि. (बम) थुलुङ माध्यमिक तहमा अध्ययन गर्दा चम्पावती मावि बुइपामा कविता गोष्ठिमा सहभागी हुने गरेको पाइन्छ । उनले त्यति धैरै कविता लेखेको पाइँदैन । प्राप्त फुटकर कविता निम्न लिखित छन् :

- **आकाश गङगा** कविता (२०५८) वर्ष १ अंक १ पृष्ठ ६६-६७ शीर्षक **सुन्दर दृष्टि : सुन्दर सृष्टि,** र 'विहानी' शीर्षकका कविता लेखिएका छन् । उनका कविता सामान्य ग्रामीण परिवेशको चित्रण भएको छ । उनी कविता क्षेत्रमा सक्रिय भएको भने पाइँदैन ।

### (ख) कथाकार व्यक्तित्व

बि. (बम) थुलुङ लघुकथाकार हुन् । उनको लघुकथा सङग्रह अनुभूत (२०६२) प्रकाशन भएको छ । प्रस्तुत सङग्रहले नेपाली लघुकथा कृतिहरूले एउटा राम्रो स्थान ओगटेको छ । यस सङग्रहभित्र रहेका केही कथाहरू विभिन्न पत्रपत्रिकाहरूमा फुटकर रूपमा पूर्व प्रकाशित भएका छन् । यी कथाहरू बेलुन विचरण, मुचुल्का, वीभत्सा भित्रको आशा, विवेकहीनताप्रतिको दया रहेका छन् । यिनका कथाकार्यमा अध्याय चारमा चर्चा गरिएको छ ।

### (ग) निबन्धकार व्यक्तित्व/संस्मरणकार

बि. (बम) थुलुङमा निबन्धकारिता सम्बन्धिको झुकाव रहेको पाइन्छ । उनले संस्मरण निबन्ध रचना गरेका छन् । उनको संस्मरण निबन्ध प्रकाशन भएको छैन । पाण्डुलिपिका रूपमा मात्र रहेको छ । उनको फुटकर रूपमा प्रकाशित संस्मरण निबन्धमा **नयाँ कदम** (२०५९) 'संस्मरण सम्झना भरी श्रद्वासुमन' बर्ष २३ पृष्ठ ३२० रहेको छ । यस निबन्धमा लैनसिंह वाङ्देलको बारेमा संस्मरण गरिएको छ । अग्रज व्यक्तित्वप्रतिको श्रद्धा भाव पक्ष निबन्धमा आएको छ ।

### (घ) लेखक व्यक्तित्व

बि. (बम) थुलुङका लेख रचनाहरू फुटकर रूपमा प्रकाशन भएका भएका छन् । उनका लेख रचनाहरू क्याम्पसको परिचय प्रतिवेदन

- **गोरेटो** (२०५७) वर्ष १ अङ्क १ पृष्ठ १३-१४ **सांस्कृतिक परिचय**
- **मुक्ति सन्देश** (२०५७) वर्ष १ अङ्क १ पृष्ठ १३-१४ शैक्षिक पद्वति संरचना शिक्षा एक अवलोकन आदि हुन् ।
- **प्राचीन वाङ्मय** (२०६५) खोटाङ

## ३.५ साहित्येतर व्यक्तित्व

बि. (बम) थुलुङ साहित्यिक व्यक्तित्व हुनुका साथै सामाजिक, शैक्षिक, प्रशासनीक र राजनीतिक व्यक्तित्व हुन् । उनको जति साहित्यमा योगदान र झुकाव रहेको छ त्यो भन्दा माथि साहित्येतर पक्षमा उनको लगाव देखिन्छ । उनका साहित्येतर व्यक्तित्व निम्नानुसार रहेका छन् ।

### (क) सामाजिक व्यक्तित्व

बि. (बम) थुलुङ समाजसेवाप्रति आस्था राखी विभिन्न सामाजिक सङघ-संस्थामा आवद्व भई सामाजिक कार्यमा सहभागी भएका छन् । उनी खोटाङ जिल्लाको विकासका लागि स्थापित भएका सामाजिक सङ्घ-संस्थाका प्रमुख, उपप्रमुख, सल्लाहकार, सदस्य जस्ता पदमा रही समाज विकासको उत्थानमा संलग्न रहेको पाइन्छ ।

### (ख) प्रशासनिक व्यक्तित्व

बि. (बम) थुलुङले प्रशासकको काम गरेका छन् । उनी २०४२ सालदेखि दिक्तेल बहुमुखी क्याम्पस दिक्तेलमा क्याम्पस प्रमुख भई प्रशासन सञ्चालन गरेको पाइन्छ । दिक्तेल बहुमुखी क्याम्पसको शैक्षिक, भौतिक, सामाजिक एवं प्रशासनिक पक्षलाई व्यवस्थित सरल र सुशासन दिई परिचालन गरेका छन् । बि. (बम) थुलुङ आबद्व रहेका विभिन्न सामाजिक साहित्यिक सङ्घ-संस्थाहरू गतिशील रूपमा प्रगति पथमा अघि बढेको पाइन्छ ( दिक्तेल बहुमुखी क्याम्पस दिक्तेलका शोधनायकका सहकर्मीहरूसँग लिइएको अन्तर्वार्ता ) ।

### (ग) राजनीतिक व्यक्तित्व

बि. (बम) थुलुङ राजनीतिमा अभिरुचि राख्ने व्यक्तित्व हुन् । उनी २०३८ सालमा महेन्द्र बहुमुखी क्याम्पस धरानको स्ववियुको सामाजिक सेवा समितिको सचिव भई विद्यार्थीको हकहितका खातिर राजनीतिमा संलग्न रहेका छन् । उनले २०२८ सालदेखि २०३३ साल सम्म पूर्वी कोशि प्रान्तीय कमिटीमा सङ्गठित भएका छन् । उनी भूमिगत रूपले सुनसरी, सप्तरी, उदयपुरका विभिन्न स्थानमा सङ्गठन विस्तार कार्यक्रम सञ्चालनमा सक्रिय भएको पाइन्छ । थुलुङ २०३३ सालदेखि २०३६ सालसम्म त्रिविविमा अनेरास्ववियु एकताको पाँचौंमा रहेर राजनीति व्यक्तित्वलाई उठान गर्दछन् ।

बि. (बम) थुलुङ २०४६ सालभन्दा अगाडि पञ्चायत कालमा श्री ५ को शुभजन्मोत्सवमा विभिन्न जिल्ला तथा अञ्चलमा अतिथि वक्ताको रूपमा मनोनयन भई सहभागी रहेको पाइन्छ । उनी २०४४ सालमा सुनसरीको इनरुवा, २०४५ सालमा सगरमाथा अञ्चलको सदरमुकाम राजविराज, २०४६ सालमा उदयपुरको गाइघाटमा अतिथि वक्ता भएको देखिन्छ (परिशिष्ट २) ।

बि. (बम) थुलुङ २०४८ सालको कर्मचारी आन्दोलनमा सहभागी भई कर्मचारीको पेसागत हकहितको बारेमा वकालत गरेको पाइन्छ । सरकारका पक्षबाट आन्दोलन दवाउने षड्यन्त्र भई २०४८ साल साउन १५ गते प्रहरी हस्तक्षेपबाट गोली चल्दा मनोजकुमार जोशीको गोली लागि हत्या भयो । बि. थुलुङले मनोज हत्या गर्नुमा सरकारको दोष हो भनी आम सभामा व्यक्त गरेका हुनाले उनलाई सरकार पक्षबाट मुद्दा लगाएर लामो समयसम्म दुःख दिएको पाइन्छ ( शोधनायकको संस्मरण निबन्धको पाण्डुलिपिबाट ) ।

### (घ) शिक्षक व्यक्तित्व

बि. (बम) थुलुङको अधिकांश जीवन शिक्षण पेसामा नै वितेको पाइन्छ । उनले कक्षा ८ मा पढ्दै गर्दा बुइपामा औपचारिक शिक्षा प्रौढ कक्षा सञ्चालन गरेका हुन् । उनी कक्षा १० उत्तीर्ण गरेदेखि नै खोटाङ अर्खौलेको सरस्वती निमाविमा ६ महिना शिक्षण गरेको पाइन्छ । उनले प्रमाण-पत्र तह पास गरेपछि उदयपुरको लालसिसुवा जहडा निमाविमा वि. सं. २०३० मा ८ महिना शिक्षण गरेका छन् । बि. थुलुङले २०३१ देखि २ वर्ष धरानको डेपोड हाइस्कुलमा र २०३४-३५ सालमा सुर्खेतको वीरेन्द्रनगरमा १ वर्ष शिक्षण सेवामा संलग्न रहे (शोधनायकको आत्मकथाको पाण्डुलिपिबाट) ।

बि. (बम) थुलुङ २०३६ देखि २०४२ सालसम्म पाटन संयुक्त क्याम्पस ललितपुरमा प्राध्यापन गर्दा-गर्दै २०४२ पुस ४ गतेदेखि दिक्तेल बहुमुखी क्याम्पस दिक्तेलमा उप-प्राध्यापकमा नियुक्ति भएका हुन् । उनी दिक्तलेल बहुमुखी क्याम्पस दिक्तेलमा क्याम्पस प्रमुख भएर २० बर्ष सम्म कार्यरत रही करिब ३० बर्ष शिक्षण पेसामै सम्लग्न भएका व्यक्ति हुन् ।

## ३.६ जीवनी र साहित्य लेखनबीच अन्तःसम्बन्ध

बि. (बम) थुलुङ गाउँ बस्तीमा सामान्य परिवारमा जन्मिएका व्यक्ति हुन् । ग्रामीण क्षेत्रमा गाई बस्तु, गोठ घर, घाँस दाउरासँग लुकामारी गर्दै उच्च शिक्षा हासिल गरेका हुन् । मिजासिलो, गम्भीर, लगनशील, अनावश्यक कुरा नबोल्ने, धाकिलो, सबैसँग मिल्ने व्यक्तित्व भएका समाजमा आइपरेका काम गर्न पछि नहट्ने, शैक्षिक सामाजिक विकासमा मरिमेटी साहित्यमा लगानी गर्न सफल रहेको पाइन्छ । बि. (बम) थुलुङले जीवनको पूर्वाधमा राजनीतिमा चासो राखी मध्यकालमा समाज र शिक्षामा लगनशील भई उत्तरार्धमा समाज, शिक्षा र साहित्यलाई सँगसँगै हाकेको अवस्था छ । विभिन्न क्षेत्रमा अध्ययन अनुसन्धान गरी अन्नपूर्ण हिमालको आरोण समेत गरेका थुलुङको जीवन सार्थक र साहित्यमा लगाब रहेको छ ।

## अध्याय चार

# बि. (बम) थुलुङको कृतित्वको अध्ययन

### ४.१ विषय प्रवेश

बि. (बम) थुलुङले कथा, कविता र निबन्ध लेखेका छन् । उनको **"अनुभूत"** लघुकथा सङग्रह प्रकाशित छ । उनी कथाकारका रूपमा परिचित छन् । यस अध्यायमा उनको कृति लघुकथा सङग्रह **"अनुभूत"** को विश्लेषण प्रस्तुत छ । यस क्रममा लघुकथाको चिनारी दिँदै विश्लेषणको आधार सहित कृतित्वको मूल्याङन प्रस्तुत छ ।

### ४.२ लघुकथाको चिनारी

साहित्यका मुख्य विधा कविता, आख्यान, नाटक, निबन्ध र समालोचना हुन् । यी विधाको विकास विस्तारसँगै विधागत र आयमगत विविध प्रयोग पाइन्छ । कविता विधामा हाइकु, मुक्तक, गीत, गजलमा लघुतम आयामको लेखन परम्परा निर्माण भएको छ । आख्यानका क्षेत्रमा लघुकथा लेखनको विकास भएको छ । यस किसिमको प्रयोग नाटक र निबन्धमा विधामा पनि पाइन्छ । लघुकथा लेखनमा आख्यान विधाको लघुतम आयामको नवीन प्रयोग हो । नेपाली आख्यान साहित्यका क्षेत्रमा मौलिक र नयाँ बान्कीका साथ लघुकथा परम्परा निर्माणोन्मुख रहेको छ ।

आख्यान अन्तर्गत उपन्यास, लघुउपन्यास, कथा र लघुकथाको भेद देखिन्छ । उपन्यासमा उपन्यास र लघुउपन्यास तथा कथामा कथा र लघुकथा लेखनमा सिङ्गो आख्यान परम्परा निमार्ण भएको छ । लघुकथा आख्यानको लघुतम रूप हो । लघुकथा आयाममा आख्यानको सृजनात्मक प्रयोग हो । यसमा घटनाको सार दिँदै सङ्केतात्मक ढङ्गमा आख्यानीकरण हुन्छ । यही घटनाको सन्दर्भबाट वस्तुबोध गरिन्छ ।

विषयको संक्षिप्त या कसिलो लघुकथाको विशेषता हो । पात्र परिवेश भाषा शैली लघुकथाका पक्ष हुन् । लघुकथा खदिला विचारको सारपूर्ण प्रस्तुति हो । लघुकथा चुड्की वा ठटचौली भन्दा भिन्न पक्ष हो । पात्रका संवाद, विषयमा विषयको उठान, घटना सन्दर्भ, छोटो विस्तार, तीव्र प्रभाव र सारपूर्ण अन्त्यका पक्षबाट नै लघुकथा लेखिन्छ । लघुकथामा पक्ष, विषय, पात्र, परिवेश, भाषा शैलीमा बाँधिएर आएको हुन्छ ( शर्मा, २०६७ : ढ )

लघुकथा साहित्यको नवीनतम र लघुआयम भएको आख्यानात्मक गद्य विधा हो । अङ्ग्रेजी साहित्यमा सर्ट स्टोरी भनिने रचनालाई हिन्दीमा कहानी तथा नेपालीमा कथा शब्दले चिनाउने गरिन्छ । नेपालीमा सूक्ष्म रूपमा लेखिने कथा नै लघुकथा हो । यसको संरचना ज्यादै सानो हुने गर्दछ । सूत्रात्मक रूपमा लेखकीय सन्देशलाई सार्वजानिक गराउने काम लघुकथामा हुन्छ । कविताका क्षेत्रमा मुक्तक र हाइकुले जति प्रश्रय पाएका छन् । आख्यानका सर्न्दभमा

छोटो आकार, मिठो भाषा शैली, चोटिलो व्यङ्ग्य, पोटिलो विचार एवं सूक्ष्म आख्यान युक्त गद्य रचना नै लघुकथा हो ( नेपाल २०५५, : १३० ) ।

वाङमयका विविध शाखा प्रशाखाहरू मध्ये आख्यान एउटा महत्वपूर्ण अस्तित्व राख्ने शाखा हो । आख्यान भित्र पनि वृहत् आयामका संरचित आख्यान मध्यम आयमका संरचित आख्यान वा लघु र लघुतम आयममा संरचित आख्यान पर्दछन् । यही आख्यान भित्रको लघुकथामा प्रयुक्त सूत्र संरचना वा लघुकथामा संरचित कथा हो । अङ्ग्रेजीमा स्टोरी र सर्ट स्टोरी अर्थात् कथा र लघुकथा गरी २ भेदहरू पाइन्छन् । तर अङ्ग्रेजीको सर्ट स्टोरी नेपालीको लघुकथा भन्दा प्रयुक्त, परम्परित कथासँग नजिक देखिन्छ । सर्ट स्टोरीको नेपाली अनुवाद लघुकथा भएपनि स्वरूप संरचना र तत्वहरूमा यी दुई नितान्त रूपमा बेग्ला छन् (गौतम, २०५७ : १३) ।

नेपाली कथाका सन्दर्भमा हेर्ने हो भने, कथा र लघुकथा अधिकांशः आयम वा आकार प्रकारका आधारमा मात्र भिन्ना भिन्नै देखिन्छन् । तर पनि कतिपय आकार- प्रकारको संरचनामा रहेको कथालाई लघुकथा भित्र समाहित गर्ने ? भन्ने निश्चित तात्विक आधार देखिँदैन । लघुकथाको सबैभन्दा ठुलो विशेषता के हो भने यसमा मुक्तकीय झड्का दिने सूक्ष्म तर तीव्र आख्यान तन्तुको एउटा शृङखला हुन्छ ।

लघुकथाको स्वरूप भनेको झट्ट हेर्दा देखिने एउटा आकार वा आकृति हो । जसमा आख्यानको तीव्र र तीव्रतम अभिव्यक्ति हुन्छ । लघुकथाको समग्र स्वरूपलाई निम्न लिखित बुँदाहरूमा हेर्न सकिन्छ ।

- लघुकथा झट्ट हेर्दा छोटो आकार-प्रकारको हुन्छ ।
- लघुकथाको वनोट र वुनोटमा छरितोपना हुन्छ ।
- लघुकथाको घटना तीव्र रोचक र गत्यात्मक हुन्छ ।
- लघुकथाका उत्तरोत्तर पछिल्ला पङ्क्तिहरू/वाक्यहरू उत्कर्ष हुँदै जान्छन् ।
- लघुकथाले अन्त्यमा मुक्तकीय झड्का दिन्छन् र एउटा भाव छोडेर जान्छन् (गौतम २०५७ : पृष्ठ १३ र १४ ) ।

लघुकथाको संरचना भन्ने बित्तिकै बाह्य आयामिक संरचना र आन्तरिक संरचना भन्ने बुझिन्छ । यसको बाह्य संरचना भनेको आयामिक वा रूपगत संरचना होः जसलाइ लघुकथा भित्रका आन्तरिक उपकरणहरू वस्तु सन्दभ, द्रुतता, कुतूहलता, गतयात्मकता र सूक्ष्म आख्यानात्मक परिपृष्टतः आदि आन्तरिक संरचना भित्र पर्ने कुराहरू हुन् । लघुकथाको बाह्य आन्तरिक संरचना भनेको नै यसको मुक्त संरचना विधान हो : जस अनुसार लधुकथा :

- एक पृष्ठ भित्रकै संरचनामा हुन्छ र एक वाक्यीय देखि चालिस-पचास वाक्यीय संरचना भित्र रहेको हुन्छ ।
- वीस-पच्चिसदेखि करिब दुई सय शब्द सीमाको वरपरसम्म रहेको हुन्छ ।
- अभिव्यक्तिमा अत्यन्त छरितोपना युक्त हुन्छ ।
- कथावस्तुको आदि र सूक्ष्म वा अदृश्य जस्तै मध्यका साथै अन्त्यमा एउटा गहिरो अनुभूति छाडेर जाने हुन्छ ।
- जीवन सापेक्ष र साश्वत मूल्यले अनुस्यूत हुन्छ ।
- गागरमा सागर हुन्छ वा सूत्रात्मक हुन्छ ( गौतम, २०५७ : पृष्ठ १६ )

लघुकथा लघुआयम भएको आख्यानात्मक गद्य विधा हो । सूत्रात्मक रूपमा लेखकीय सन्देशलाई सार्वजानिक गराउने काम लघुकथामा हुन्छ । लघुकथामा मुक्तकीय झड्का दिने सूक्ष्म र तीव्र विशेषता हुन्छ । यसको विश्लेषण गर्दा मुख्यतः घटना सन्दर्भ, परिवेश, पात्र विधान र भाषा शैलीका आधारमा गरिन्छ । यसको संरचनागत रूपमा आदि र अन्त्य रहेको छ ।

## ४.३ कृतित्वको चिनारी

बि. (बम) थुलुङ (२०६२) **"अनुभूत"** लघुकथा सङ्ग्रहका रूपमा प्रकाशित कृति हो । यस "अनुभूत" सङ्ग्रहमा ७३ पृष्ठ भित्र ६५ वटा लघुकथाहरू रहेका छन् । यसमा प्रकाशकीय भूमिका धनप्रसाद सुवेदी श्रमिक र निरन्तरताको शुभकामना गोरखबहादुर सिंहबाट लेखिएको छ । "अनुभूत" लघुकथा सङ्ग्रहको प्रकाशक राष्ट्रिय वाङमय कला प्रतिष्ठान नेपाल खोटाङ रहेको छ ।

## ४.४ लघुकथा विश्लेषणको आधार

बि. (बम) थुलुङ (२०६२) "अनुभूत" लघुकथा सङ्ग्रहको घटना सन्दर्भ परिवेश, पात्र र भाषा शैलीलाई मुख्य आधार मानी विश्लेषण गरिने छ :

**घटना सन्दर्भ :** घटना सन्दर्भ भनेको कथावस्तु हो । कथामा भएको कथावस्तुगत घटनाहरू के ? कसरी ? अगाडि बढेका छन् । घटनाको स्रोत राजनीतिक सामाजिक कुन हो ? सो को विश्लेषण गरिन्छ । लघु कथामा घटनाबाट नै कथ्य बोध गराइन्छ ।

**परिवेश :** परिवेश भन्नाले समय, स्थान र वातावरणलाई जनाउँछ । लघुकथामा भएको ग्रामीण, सहरीया, डर, त्रास, आशावादी, निराशावादी, दुखान्त, सुखान्त परिवेश विश्लेषण गरिन्छ । स्थान, काल र सांस्कृतिक सन्दर्भ पनि यसमा हेर्न सकिन्छ ।

**पात्र** : पात्र भन्नाले कथामा आएका व्यक्ति र वस्तु कथाका पात्र हुन्छन् । पात्र मानवीय, मानवेतर, नामिक र सर्वनामिक, पदबोधक, पेसाबोधक, स्थानबोधक, नाताबोधक, समयबोधक पात्रहरू प्रयोग भएका हुन्छन् । यस किसिमका पात्रहरूको खोजी लघुकथाका सन्दर्भमा हेर्न सकिन्छ ।

**भाषा शैली** : भाषा शैली भन्नाले कथामा भएको संरचना, शब्द चयन, वाक्य गठन, उखान टुक्का, मातृभाषाको प्रयोग र वर्णनात्मक, विवरणात्मक, परिस्थितिगत, जीवनी, संवाद, अभिनयात्मक शैलीको विश्लेषण गरिन्छ ।

### ४.५ "अनुभूत" लघुकथाको अध्ययन

बि. (बम) थुलुङ (२०६२) "अनुभूत" लघुकथा सङग्रहमा ६५ वटा लघुकथा रहेका छन् । यस सङग्रह भित्र रहेका लघुकथाहरूलाई घटना सन्दर्भ, परिवेश, पात्र विधान र भाषाशैलीका आधारमा अध्यायन अनुसन्धान र विश्लेषण गरिएको छ ।

### १. सहारा

सहारा लघुकथा "अनुभूत" लघुकथा सङग्रह (२०६२) को पहिलो कथा हो । यस कथामा घटना सर्न्दभ राजनीतिक पक्षको रहेको छ । रेडियो, टेलिभिजन, सुनेको, देखेको त्रसित समाचारमा अल्बानीयाहरूलाई कुर्दहरूले मारेको, लास बोकेर हेलिकप्टर उढेको, वालवालिका अनिकाल र कुपोषणको सिकार भएको घटना सन्दर्भ रहेको छ ( पृ १) राष्ट्रिय, अन्तर्राष्ट्रिय द्वन्द्वले त्रसित भए पनि अवोध भविष्य सहारा रहने सन्दर्भबाट शीर्षक चयन गरिएको छ ।

सहारा, लघुकथाको प्रमुख पात्र जीतु हो । कथामा अबोध भविष्य बाल पात्र रहेको छ । यस कथाको **परिवेश** घर, घरको कोठा, टेबुलमा रहेको टेलिभिजनबाट समाचार प्रसारण भएको ग्रामीण परिवेश रहेको छ ।

सहारा लघुकथा चार अनुच्छेदमा संरचित कथा हो । यस कथामा टिभी, भिजुवल, टेबुल जस्ता आगन्तुक शब्दको प्रयोग भएको पाइन्छ । लघुकथामा सरल वाक्य गठन भइ वर्णनात्मक शैलीमा लेखिएको छ । सहारा भनिएको पात्रको सन्त्रासमय अवस्था या असरको चित्रण यस कथामा आएको छ ।

### २. मुचुल्का

मुचुल्का लघुकथा "अनुभूत" लघुकथा सङग्रह (२०६२) को दोस्रो लघुकथा हो । यस कथाको घटना सन्दर्भ सामाजिक पक्षको रहेको छ । ऋण खोजेर विदेश जाने अवस्था : दलालले रकम खाएर वेपत्ता भएको, गलैचा बुन्ने केटीसँग बिहे गरी घर गएको, बाबु आमाले त्यस कार्यप्रति सन्तोष नजनाएको, उसकी स्वास्नी लोग्ने र परिवारसँग सन्तोष नभई आत्मा

हत्या गरेको घटना सन्दर्भ कथामा प्रस्तुत छ (पृ. २) आत्माहत्या पछि गरिएको मुचुल्काको सन्दर्भबाट शीर्षक चयन गरिएको छ ।

मुचुल्कका लघुकथामा मुख्य पात्र मनकाजी र रमिता हुन् । अन्य पात्रहरूमा सासु-ससुरा, नन्द-देवर रहेका छन् । कथा सामाजिक विसङगतिको सन्त्रासमा केन्द्रित भइ ग्रामीण परिवेशमा रहेको छ । 'मुचुल्का' लघुकथा चार अनुच्छेदमा संरचित कथा हो । यस कथामा सरल वाक्यको गठन भएको छ । यो कथा वर्णानात्मक शैलीमा रहेको छ ।

## ३. बेलुन विचरण

'बेलुन विचरण' लघुकथा "अनुभूत" लघुकथा सङग्रह (२०६२) को तेस्रो लघुकथा हो । यस कथाको घटना सन्दर्भ राजनीतिक पक्षको रहेको छ । कथामा टोलका बालबालिका बेलुनका झुप्पामा खेलेको अवस्था, बेलुन अन्तरिक्षबाट अवतरित भएको, रिमोट अभिभावकसँग भएको, बेलुनका झुप्पासँगै बालबालिका आकाशतिर उडाएको, हावा आएको, बेलुन फुटेर बालबालिका दुर्घटनामा परेको घटना सन्दर्भ रहेको छ, (पृ. ४) यस्तो घटना पुनरावृत्ति नहोस् भनेर शीर्षक चयन गरिएको छ । बेलुन विचरण लघुकथामा प्रधान पात्र विराज हो । अन्य पात्रमा बालबालिका र अभिभावकहरू रहेका छन् ।

यस लघुकथामा गाउँ, बस्ती र टोलको ग्रामीण परिवेश रहेको छ । बेलुन विचरण, लघुकथा चार अनुच्छेदमा संरचित कथा हो । "उडी छुनु चन्द्र एक, उडायो सपना सबै हुरिले" जस्ता उखान टुक्काको प्रयोग गरी यो कथा बर्णनात्मक शैलीमा लेखिएको छ । कथाले सम्भावित दुर्घटनाको आकर्षक तरिकाबाट सन्देश दिएको छ ।

## ४. विक्षिप्तता

विक्षिप्तता लघुकथा "अनुभूत" लघुकथा सङग्रह (२०६२) को चौथो लघुकथा हो । यस कथाको घटना सन्दर्भ राजनीतिक रहेको छ । परापूर्व कालमा सामन्ती बानी शासन गरेका शासकहरूमा घमण्ड जागेको, घमण्डले द्वन्द्व ल्याएको, द्वन्द्वबाट विनाश हुनु, त्रास भएको बाँकी रहेकाहरू अगाडि गरेको मोजलाई सम्झिएर आलस्य रहेको घटना सन्दर्भ आएको छ, (पृ. ५) यर्थाथमा विपना र सत्य भई असाध्यै विछिप्त भएको सन्दर्भबाट शीर्षक चयन गरिएको छ । "विक्षिप्तता" लघुकथामा ग्रहचारी, भुराहरू र वर्तमानका युवाहरूलाई पात्रको रूपमा रहेका छन् ।

"विक्षिप्तता" लघुकथा रामराज्यको भोगविलासवाट त्रसित भई अशान्तिको ग्रामीण परिवेश छ । "विक्षिप्तता" लघुकथा तीन अनुच्छेदमा संरचित लघुकथा हो । यस कथामा 'नुन खाएको कुखुरा सरी झोक्राई रहेको' जस्तो उखानको प्रयोगसँगै बर्णनात्मक शैलीमा लेखिएको छ ।

## ५.	सुरक्षित कर्तुत

सुरक्षित कर्तुत "अनुभूत" लघुकथा सङग्रह (२०६२) को पाँचौ लघुकथा हो । यस कथाको घटना सन्दर्भ सामाजिक पक्षको रहेको छ । सुन्दर बस्तीमा बसोबास गरेका मान्छेहरू सुविधा खोज्न सहर पसेको, सहरमा घर घरेडी किन्दा दलालबाट ठगिएको, दलालले अमिनीलाई घुस ख्वाई जग्गा अदलवदल गरेको दलालीले ठगेको कर्तुत खुले पनि दलाल सुरक्षित रहेको घटना सन्दर्भ यस कथामा छ (पृ. ७) ।

यस लघुकथाको मूल पात्र कालिकोटे कान्छो हो । अन्य पात्रहरूमा अमिनी, आप्रवासीहरू रहेका छन् । "सुरक्षित कर्तुत" लघुकथामा खोटाङ जिल्लाका मात्तिम, चुइचुम्मा, रावा, सावा, दोर्पा, बुइपा जस्ता ग्रामीण परिवेशमा आफ्नो अस्तित्व बोकेकाहरू सदरमुकामको सहरिया बन्ने रहरले आप्रवासी भएर दुःख पाएको ग्रामीण परिवेश छ । "सुरक्षित कर्तुत" लघुकथा चार अनुच्छेदमा संरचित कथा हो । यस कथामा सरल वाक्य गठन छन् । कर्तुत, चिरकाल जस्ता तत्सम शब्द र स्टाफ, खुराक जस्ता आगन्तुक शब्दको प्रयोग छ परिस्थितिगत यथार्थ बोध गराउन व्यङ्ग्यात्मक शैलीमा यो कला लेखिएको छ ।

## ६.	घटना वृत्तान्त

'घटना वृत्तान्त', "अनुभूत" लघुकथा सङग्रह (२०६२) को छैटौं लघुकथा हो । यस लघुकथामा राजनीतिक घटना सन्दर्भ रहेको छ । कथामा सोलुको सल्लेरी ध्वस्त भइरहेको, बमगोलाले मानिसहरू मारिएको, दोहोरो भिडन्त भई धरै हताहत भएको, ओखलढुङ्गा, सोलु, भोजपुर, सङ्खुवासभा भिडन्त भइसक्यो दिक्तेलमा तत्काल हुँदै छ भन्ने त्रासदीपूर्ण टेलिफोन वार्ताको सन्दर्भ रहेको छ, (पृ. ८) राजनीतिक द्वन्द्वबाट भएका घटनाहरूको सन्दर्भबाट कथाको शीर्षक चयन गरिएको छ ।

यस कथाका मुख्य पात्र धनलक्ष्मी र देशवीर हुन् । अन्य पात्रहरूमा धनलक्ष्मीकी छ्यामा र धनवीर रहेका छन् । यस कथामा राजनीतिक द्वन्द्वबाट विभिन्न स्थान सोलु, ओखलढुङ्गा, भोजपुर, संखुवासभामा भिडन्त भएको फोन वार्तालापको ग्रामीण परिवेश रहेको छ । उक्त फोन वार्ता विहानको पाँच बजेतिर दिक्तेलको कलेजरोडमा भयपूर्ण अवस्थामा बोलिएको परिवेश छ । 'घटना वृत्तान्त' लघुकथा चार अनुच्छेदमा संरचित लघुकथा हो । यस कथामा कलेज फोन जस्ता आगन्तुक शब्दहरू प्रयोग हुनुका साथै सरल वाक्य गठन र वर्णनात्मक शैलीको प्रयोग छ । कथा युद्धजन्य परिस्थितिको यथार्थ बोधमा केन्द्रित छ ।

## ७.	एकता दिवस र मर्महरू

**"एकता दिवस र मर्महरू"** "अनुभूत" को सातौ लघुकथा हो । यस कथाको घटना सन्दर्भ सामाजिक पक्षको रहेको छ । दुइ बर्ष अगाडिको सामाजिक दिवसमा सबै जातजातिले समान अवसर नपाएको दुखेसो यस कथामा पोखिएको छ । सभापतिले जातीय भेदभाव

फैलाउने पृथकतावादी हुन् भनेर सभा विसर्जन गरेको, अर्को वर्षको एकता दिवसमा समय सापेक्षिक रूपमा परिमार्जन गरिने भनी सभा विसर्जन गरिएको, अर्को बर्षको एकता दिवसमा दलित, जनजातिका वक्ताहरूले भाषण गर्ने सूचीबाट नाम फिर्ता लिएको, सभापतिले उग्रवादी जस्ता संज्ञा दिँदै सभा विसर्जन गरेको घटना सन्दर्भ रहेको छ, (पृ. १०) । क्रमिक रूपले सामाजिक एकतामा जातजातीय विचलन आएको सन्दर्भबाट शीर्षक चयन गरिएको छ ।

यस लघुकथामा राजकुमार दर्नाल, सम्शेर रम्तेल, उर्वशी विक पात्रहरू रहेका छन् । अन्य पात्रहरूमा सभापति, शिक्षक, व्यापारी, मजदुर र किसानहरू रहेका छन् । यस लघुकथामा जिल्लाको सदरमुकाममा भएको भेला, सभा समारोह दिवसको अवसरमा वक्ताहरूले मन्तव्य दिएको ग्रामीण परिवेश छ । 'एकता दिवस र मर्महरू' कथा चार अनुच्छेदमा संरचित कथा हो । यस कथामा सरल वाक्य गठन छन् । "चार वर्ण छत्तिस जातको साझा फुलवारी हो "भन्ने युक्तिका साथै वर्णनात्मक शैलीमा लेखिएको छ । कथामा युद्धजन्य यथार्थ प्रस्तुत छ ।

## ८. असङ्गति

'असंगति' सङग्रहको आठौ लघुकथा हो । यस कथाको घटना सन्दर्भ राजनीतिक रहेको छ । कथामा नृपेन्द्र पार्टीको पूर्णकालीन सदस्य रहेको, नृपेन्द्रको छोरा टिवीको रोगले ग्रस्त भएको, छोराको उपचार गर्न खर्च नभएको, पार्टीमा आग्रह गरेको, १८ बर्षे छोराको मृत्य भएको, घटना सन्दर्भ रहेको छ । (पृ. १२) पूर्णकालीन सदस्यको छोरा मर्दा पार्टीले वेवास्ता गरेको सन्दर्भबाट शीर्षक चयन गरिएको छ ।

यस लघुकथाको मुख्य पात्र नृपेन्द्र हो । अन्य पात्रमा पार्टीका कमान्डर रहेका छन् । 'असंगति' लघुकथामा राजनीतिक पार्टी कार्यालय, विद्यालय, अस्पतालको बेड, ग्रामीण क्षेत्रको बसोवासबाट सदरमुकाम उपचार गर्न आउदा लाग्ने दश घन्टाको समय जस्तो ग्रामीण परिवेश छ । यस कथामा आर्थिक अभावका कारण रोगको सिकार बन्नु परेको निमुखा गरिबलाई अपहेला गरिएको ग्रामीण परिवेश छ । यो कथा चार अनुच्छेदमा संरचित कथा हो । कथामा सरल र संयुक्त वाक्य गठन भएको छ । सकसपूर्ण, उर्दी जस्ता तत्सम शब्द र फुल टाइमर, हाई कमान्ड जस्ता आगन्तुक शब्द रहेको यो कथा वर्णनात्मक शैलीमा लेखिएको छ ।

## ९. जोरसल्ला

'जोरसल्ला' **अनुभूत** लघुकथा सङग्रहको नवौ लघुकथा हो । यस कथाको घटना सन्दर्भ सामाजिक पक्षको रहेको छ । यस कथामा सुधिर गाउँबाट सहरमा अध्ययन गर्न गएको, सहरमा रहँदा सुशनसँग प्रेम भएको, सुधिरले गाँउमा आएर नेत्र चिकित्सालय खोलेको, सुधिरको शुसनसँग भेट हुन नसकेको, शुसनसँग उसको भेट हुन नसकेकाले चिकित्सालयको हाताभित्र प्रतीकका रूपमा जोरसल्ला रोपेको घटना सन्दर्भ कथामा प्रस्तुत, ( पृ. १३) यसरी

प्रेमिकासँग भेट नहुँदा तिनै जोरसल्लालाई हेरेर विगतको प्रेम गाथालाई विर्सिरहेको सन्दर्भबाट शीर्षक चयन गरिएको छ ।

यस कथाको मुख्य पात्र सुधिर र शुसन हुन् । यस कथामा गाऊ, सहर, कलेज, आँखा अस्पताल, बोट विरुवा आदि ग्रामीण परिवेश रहेको छ । 'जोरसल्ला' लघुकथा चार अनुच्छेदमा संरचित लघुकथा हो । यो कथा सरल वाक्य गठनमा छ र विवरणात्मक शैलीमा लेखिएको छ ।

## १०. अन्तर्निहित प्रश्न

'अन्तर्निहित प्रश्न' **अनुभूत** लघुकथा सङग्रहको दसौं लघुकथा हो । यस कथाको घटना सन्दर्भ सामाजिक पक्षको रहेको छ । पुवर्जहरू जन्मथलो छोडेर प्रवासी भएका, भूकम्पले घर लडेको, प्रवासी भएका दाजुभाइहरू पाहुना बनेर अन्न पानी सकिदिएको, गच्छेले धान्न नसकी बसाइँ सर्न खोजेको, बसाई सर्न पनि दस्तुर नभएको घटना सन्दर्भ कथामा प्रस्तुत छ (पृ. १५) । खान लाउनको दुःख परेको दुखद अवस्थाको सन्दर्भबाट यस कथाको शीर्षक चयन गरिएको छ ।

यस लघुकथाको प्रमुख पात्र जैमल हो । अन्य पात्रहरूको रूपमा पुर्वजहरू, बाबु, बाजे रहेका छन् । यस लघुकथामा वनजङ्गल, घर, ओडारको ग्रामीण परिवेश रहेको छ । 'अन्तर्निहित' लघुकथा दुई अनुच्छेदमा संरचित लघुकथा हो । यो वर्णनात्मक शैलीमा लेखिएको छ ।

## ११. निरन्तर सन्त्रास

'निरन्तर सन्त्रास' सङग्रहको एघारौ लघुकथा हो । यस कथाको घटना सन्दर्भ राजनीतिक केन्द्रित छ । ढिलो विवाह गरेको अवस्था, बुढेसकालमा सन्तान हुर्काउन गरिबीले पिरोलेको, द्वन्द्वका कारण सजिलोसँग हिँडडुल गर्न नपाएको, बनिवुतो गरेर बालबच्चा हुर्काउन र पेट पाल्न कठिन भएको घटना सन्दर्भ कथामा छ (पृ. १६) । राजनीतिक द्वन्द्वले कर्दा सधैंभरि कर्फ्युको सन्त्रासमा रहनु पर्ने सन्दर्भबाट शीर्षक चयन गरिएको छ ।

यस लघुकथाको प्रमुख पात्र बन्दवीर हो । अन्य पात्रहरूमा वन्दवीरकी श्रीमती र छोराछोरी रहेका छन् । यस लघुकथामा निम्न वर्गका व्यक्तिहरूले सजिलोसँग गरिखान समेत नपाएको ग्रामीण क्षेत्रमा बन्द हड्ताल र कर्फ्युको परिवेश रहेको छ । 'निरन्तर सन्त्रास' लघुकथा तीन अनुच्छेदमा संरचित लघुकथा हो । यस कथामा सरल र सहज तरिकाले बुझ्न सक्ने वाक्यको गठन रहेको छ । वात्सल्य, ईश्वर जस्ता तत्सम र स्कुल, चाइल्ड, चाइल्डकियर जस्ता आगन्तुक शब्दको प्रयोग भएको यो कथा वर्णनात्मक शैलीमा लेखिएको छ ।

## १२. रूप

सङ्ग्रहको बारौं कथा 'रूप' हो । यस कथाको घटना सन्दर्भ, राजनीतिक छ । ईश्वरीप्रसद राजकाज मुद्दामा फस्छन् । विचारलाई मारेर बाँच्नका लागि उनी सत्तासँग आत्मसमर्पण गर्छन् । उनी अवसरवादी हुन् भन्ने घटना सन्दर्भ रहेको छ (पृ. १७) । आत्मा समर्पण गरे पनि रूप पहिलेकै रहेको सन्दर्भबाट शीर्षक चयन गरिएको छ ।

यस लघुकथाका प्रमुख पात्र ईश्वरीप्रसाद र लछुमन हुन् । कथामा सरकारी कार्यालय, सभा, समारोह र द्वन्द्वग्रस्त सङ्कटकालीन परिवेश रहेको छ । 'रूप' लघुकथा तीन अनुच्छेदमा संरचित लघुकथा हो । यस कथामा सरल वाक्य गठनका साथै निराकार निर्बिकार जस्ता तत्सम शब्दको प्रयोग पाइन्छ । कथा वर्णनात्मक शैलीमा लेखिएको छ ।

## १३. वीभत्सता भित्रको आशा

'बीभत्सता भित्रको आशा' सङग्रहको तेरौँ लघुकथा हो । यस कथाको घटना सन्दर्भ, सामाजिक पक्षको रहेको छ । मनमतीका पतिको मृत्यु, एकादशीमा दुधकोशीमा फूल तार्न गएकी, कोशी किनारको बस्ती सखाप भएको, नसोचेको दृश्यले भयभित भएको घटना सन्दर्भ रहेको छ (पृ.१८) । यस्तो उदेग अवस्था भोलि नहोस् भनी वीभत्सताभित्र आसामा रहेको सन्दर्भबाट शीर्षक चयन गरिएको छ ।

'वीभत्सता भित्रको आशा' कथाको प्रमुख पात्र मनमती हो । अन्य पात्रमा मनमतीको स्वर्गीय पति रहेको छ । कथाको परिवेश दुधकोशी, सुनकोशी, खोटाङ,सोलुको ग्रामीण परिवेश रहेको छ । 'वीभत्सता भित्रको आशा' लघुकथा तीन अनुच्छेदमा संरचित कथा हो । यो कथा सरल वाक्य गठनमा प्रस्तुत छ । यसका साथै यो कथा विवरणात्मक शैलीमा लेखिएको छ ।

## १४. अनुभूत

'अनुभूत' लघुकथा सङग्रहको चौधौ लघुकथा हो । यस कथाको घटना सन्दर्भ, सामाजिक पक्षको रहेको छ । विमानस्थल जाने बाटोमा गुराँसको फूल देखेको गुरासको फूलमा निरूजाको अनुहार देखेको, फूल टिपी ब्रिफकेसमा राखी काठमाण्डौं पुगेको, फ‌ूलको उपहार दिन नपाएको घटना सन्दर्भ रहेपको छ (पृ.१९) । समयको द्रुत वेगले परिवर्तित वस्तुलाई कहाँ-कहाँ पुर्‍याएको सन्दर्भबाट शीर्षक चयन गरिएको छ ।

'अनुभूत' लघुकथाका मुख्य पात्र प्रभात र निरूजा हुन् । यस कथामा वन,पाखा,भिर,विमानस्थल जस्ता ग्रामीण परिवेश रहेको छ । 'अनुभूत' लघुकथा चार अनुच्छेदमा संरचित कथा हो । यस कथामा सरल र वाक्य देखिन्छ । अर्धाङ्ग, मिष्ठान्न जस्ता तत्सम शब्द र ब्रिफकेस जस्ता आगन्तुक शब्दहरूको प्रयोग भएको यो कथा वर्णनात्मक शैलीमा लेखिएको छ ।

## १५. कथाभित्रको जात्रा

'कथाभित्रको जात्रा' लघुकथा सङग्रहको पन्ध्रौ लघुकथा हो । यस कथाको घटना सन्दर्भ, राजनीतिक पक्षको रहेको छ । गरिबले धनीलाई नेता बनाएको नेताले गरिबमाथि शासन गर्न गुन्डागर्दी गरेको, राजनीतिक विकृतिबाट द्वन्द्व भएको, द्वन्द्वको फाइदा फटाहाले उपभोग गरेको घटना सन्दर्भ रहेको छ (पृ.२०) । माथिका आदेशमा तल चल्नु पर्ने रबैया होडबाजी नै कथा भित्रको जात्रा सन्दर्भबाट शीर्षक चयन गरिएको छ । कथा भित्र जात्रा कथाका मुख्य पात्र नेता र गुन्डाहरू हुन् अन्य पात्रमा ध्वाँसे, जुठे रहेका छन् । 'कथा भित्रको जात्रा' कथामा भयपूर्ण वातावरणीय परिवेश छ । यो कथा तीन अनुच्छेदमा संरचित कथा हो । सरल वाक्य ढाँचा र विवरणात्मक शैलीमा लेखिएको छ ।

## १६. विकल्प द्रष्टा

'विकल्प द्रष्टा' सङग्रहको सोह्रौ लघुकथा हो । यस कथाको घटना सन्दर्भ, सामाजिक रहेको छ । राजनीतिक पार्टी त्यागी उद्यमी बनेको, उद्यमको गुन्जायसले कलेजका प्राध्यापकहरूले समूहगत भ्रमण गरेको, कृषि उद्यममा नोटै-नोट देखेको, आर्थिक उन्नति भएको घटना सन्दर्भ कथामा प्रस्तुत छ (पृ.२१) । राजनीति त्यागी कृषि उद्यमी बन्ने विकल्पको सन्दर्भबाट शीर्षक चयन गरिएको छ । यस कथाका प्रमूख पात्र सुरप्रताप हुन् । अन्य पात्रहरूमा कलेजका प्राध्यापकहरू छन् ।

'विकल्प द्रष्टा' लघुकथा खोटाङ दित्तेलको नाहीमा कृषि स्रोत केन्द्रको ग्रामीण परिवेश रहेको छ । यो कथा तीन अनुच्छेदमा संरचित कथा हो । यस कथामा सरल वाक्य गठन हुनुका साथै ग्रहण,सादगी जस्ता तत्सम शब्दको पनि प्रयोग छ । यो कथा विवरणात्मक शैलीमा लेखिएको छ ।

## १७. मूल्याङ्कन एउटा अन्त्यको

'मूल्याङकन एउटा अन्त्यको' सङग्रहको सत्रौ कथा हो । यस कथाको घटना सन्दर्भ, सामाजिक छ । कथामा दत्त सरको अस्पतालमा मृत्यु भएको, कर्फ्युका कारण हेर्न जान नपाएको,उपचारका लागि अस्पताल बोकेर ल्याउने आफन्त मलामी बन्नु परेको असल व्यक्तिको मृत्युमा गुनगान गरिएको घटना सन्दर्भ रहेको छ (पृ.२२) । असल सोझा सर सधैका लागि बित्नुभो भनी मृत्युपछि शालीनताको मूल्याङ्कन गरिएको सन्दर्भबाट शीर्षक चयन गरिएको छ ।

यस कथाका मुख्य पात्र भगीरथ र रङ्गनाथ हुन् । कथामा अस्पतालमा उपचारार्थ रहेका दत्त सरको देहवसान भएको, पिडादायी ग्रामीण परिवेश रहेको छ । 'मूल्याङ्कन एउटा अन्त्यको' लघुकथा चार अनुच्छेदमा संरचित कथा हो । यस कथामा सरल वाक्यको गठन छ ।

श्रद्वाञ्जली, अर्पण, कटुपितजस्ता तत्सम शब्दहरूको कथामा प्रयोग भए पनि कथा सरस नै छ । यो कथा विवरणात्मक शैलीमा लखिएकोको छ ।

## १८. विवकहीनताप्रति दया

'विवेकहीनता प्रति दया' सङ्ग्रहको अठारौँ लघुकथा हो । यस कथाको घटना सन्दर्भ,सामाजिक पक्षको रहेको छ । विहानै पधँेरामा पानी लिन गएको अवस्था, छिमेकीका घरमा रूखा स्वरहरू सुनेको, बिवाह गरेको पाँच महिनामा बुहारीले बच्चा जन्माएको, बुहारी मुखाले भई सासू ससुरालाई तथानाम भनेको, विवेकहीनतालाई पनि दया गरेको सन्दर्भ रहेको छ (पृ.२३) । आफू नारी भएकोमा सतीत्वमा प्रश्न उठेकी नारीलाई पनि दया देखाएको,सन्दर्भबाट शीर्षक चयन गरिएको छ ।

यस लघुकथाकी प्रमुख पात्र रितीका हुन् । अन्य पात्रहरूमा छिमेकी सासू बुहारी र गौण पात्रको रूपमा रितीकाका नानीहरूलाई जनाइएको छ । यस लघुकथा छरछिमेक वल्लोपल्लो घरमा बिहानै समयमा सासु बुहारीबीच भएको मनमुटावको झगडालाई शान्त बनाएको ग्रामिण परिवेश छ । 'विवेकहीनता प्रति दया', लघुकथा तीन अनुच्छेदमा संरचित कथा हो । यो कथा भल्ट्याङभुल्टुङ् जस्ता अनुकरणात्मक शब्दको प्रयोग भई सरल वाक्यको गठन र विवरणात्मक शैलीमा लखिएको छ ।

## १९. अन्तराल

'अन्तराल' लघुकथा सङ्ग्रहको उन्नाइसौँ लघुकथा हो । यस कथाको घटना सन्दर्भ, सामाजिक पक्षको रहेको छ । यस कथामा पाँच सयमा किनेर ल्याईएको कुखुराको भाले स्यालले मारेको, श्रीमानसँग धनलक्ष्मी रिसाएको, पहिले -पहिले, तीस रूपैयाँमा लैनो भैंसी आउने गरेको, अहिले भालेको दाम सात सय रूपैयाँ भनी ८१ वर्षीय धरणीधर दंग परेको, काजीमानका वावुआमाले पनि २८/२९ वर्ष अगाडि ऋण तिर्न लैनो भैँसी वेचेको घटना सन्दर्भ रहेको छ (प.२४) । कथामा पहिलेको र अहिलेको समयको भिन्नताबाट शीर्षक चयन गरिएको छ ।

यस लघुकथाका प्रमुख पात्रहरू धनलक्ष्मी र काजीमान हुन् अन्य पात्रहरूमा धनलक्ष्मीको पति र छोरा काजीमानका बाबु आमा, थापा र आचार्य छन् । अन्तराल लघुकथामा असार महिनाको बिहानको समय घरपसलको छेउछाउको मकैबारीमा स्यालले कुखुरो लगेको छ । ७०/८० वर्षअगाडि र अहिलेको समयमा रूपैयाँ सामानको अन्तरालको ग्रामीण परिवेश रहेको छ । 'अन्तराल' लघुकथा पाँच अनुच्छेदमा संरचित कथा हो । यस कथामा सरल वाक्य गठन हुनाका साथै "धनको नाममा रातोगेडी " जस्ता उखानको प्रयोग गरिएको छ । वर्णनात्मक शैलीमा लेखिएको छ ।

## २०. कर्म उही घर्म उही

'कर्म उही धर्म उही' लघुकथा सङग्रहको विसौ लघुकथा हो । यस कथामा सामाजिक घटना सन्दर्भ आएको छ । युवा अवस्थामा जोगिन्द्र जाली, फटाहा, हत्यारा सावित भएको अवस्था, सेतो टिका लगाएर जोगिन्द्रले सन्तको भेष धारण गरेको, योगको दुहाई दिने जोगिन्द्रप्रति सर्वसाधारणले विश्वास नगरेको पहिलेको बेमानी पछि असल बन्न सक्दैन भनी विस्वास नगरेको घटना सन्दर्भ कथामा प्रस्तुत छ (प.२६) । पूर्वका दिनमा प्रिय वचनद्वारा छुरा धस्ने परपीडकपछि आएर सन्तको भेष धारण गर्दा शुद्ध हुखैन आखिरी कर्म उही,धर्मको रूप देखाएर के हुन्छ भन्ने सन्दर्भबाट शीर्षक चयन गएिकको छ ।

यस लघुकथाको प्रमुख पात्र जोगिन्द्र हो । अन्य पात्रमा सर्वसाधारण रहेका छन् । यस लघुकथामा १९९९ साल तिरको सामान्तवादी सोच भएका व्यक्तिहरूले निमुखाहरूलाई पीडा दिएको र हाल उही फटाहा सन्त बनी भ्रम फिजाएको भयपूर्ण वातावरणको ग्रामीण परिवेश छ । यो कथा तीन अनुच्छेदमा संरचित कथा हो । यस कथामा सरल वाक्यको गठनका साथै घटना प्रधानको यथार्थ छ र कथा वर्णनात्मक शैलीमा लेखिएको छ ।

## २१. ढाडसको रूप

'ढाडसको रूप' लघुकथा सङग्रहको एक्काइसौँ लघुकथा हो । यस कथाको घटना सन्दर्भ,सामाजिक देखिन्छ । बाढी पहिरोले घरबस्ती बगाएको अवस्था, बाढी पहिरोमा आफन्त गुमाएको रणवहादुरले आत्महत्या गरेको हल्ला चलेको छ । आत्महत्या गर्‍यो भनेको रणवहादुर अप्रत्यासित रूपमा विभुले देखेको, दृष्टि भ्रम हो कि भनी डराएको, अङ्कमाल गरेको, महानताको चर्चा परिचर्चा गरेको, साहसी, कठोर हृदय, धैर्यशालीनताको उपमा, रणवहादुरलाई विभुले ढाडसको रूपमा दिइएको घटना सन्दर्भ कथामा प्रस्तुत छ (पृ.२७)

यस लघुकथाका प्रमुख पात्र रणबहादुर र विभु हुन् । अन्य पात्रहरूमा उसका श्रीमति, छोराछोरीहरू र आफन्तहरू रहेका छन् । यस कथामा वर्षाको समय असार २९ का दिन पहाडी भेगमा आएको बाढी पहिरोले घर गाउँ बगाएको मानव बस्तीको विनाश भएको अशान्तिमय पीडादायी ग्रामीण परिवेश छ । यो कथा तीन अनुच्छेदमा संरचित कथा हो । यो वर्णनात्मक शैलीमा लेखिएको छ ।

## २२. तात्विकता

'तात्विकता' सङग्रहको बाइसौँ लघुकथा हो । यस कथाको घटना सन्दर्भ, राजनीति केन्द्रित छ । दौड, कुस्तीमा प्रथम हुनेलाई राजा, मन्त्री चुनेर शासन सत्ता चलाएको अवस्था, नेतृत्व पक्षमा विरोधी दलको जन्म भएको,विरोधी पक्षसँग भिडन्त भएको, न्यायको लागि न्यायलयमा मुद्दा दायर भएको, दुबै पक्षको दावी सत्य भई तात्विक समझदारी बनी मिलापत्र बुझाएको, भावी दिनमा फैसला हुने घटना सन्दर्भ कथामा प्रस्तुत छ (पृ.२८) । राजनीतिक

रूपमा द्वन्द्व भए पनि मुद्दाको प्रकृति एउटै हुने सत्ता साझेदारीमा भएको घटना सन्दर्भबाट शीर्षक चयन गरिएको छ ।

यस लघुकथामा निश्चित रूपमा पात्र उतारिएको छैन । ऊ पात्रको रूपमा पक्ष र विपक्षमा उभ्याइएको छ । यस लघुकथामा वैशाली नगरी (नेपाल) का अर्धचेतन जनता माथि तानशाहीले चलाएको शासनको विरोध भएको छ । विरोधी पक्ष र सत्ताधारी पक्षबीच मुद्दा चल्छ । मुद्दाको फैसला दुवैको एकै किसिमको भनी सम्झौता हुन्छ र जनता जर्नादनका आँखामा छारो हालिएको वातावरणीय परिवेश छ । तात्विक लघुकथा चार अनुच्छेदमा संरचित कथा हो । यस कथामा सरल वाक्यको गठनका साथै श्रेष्ठ, तात्विक जस्ता तत्सम शब्द र फेहरिस्त जस्ता आगन्तुक शब्दको प्रयोग गरिएको छ । यो कथा वर्णनात्मक शैलीमा लेखिएको छ ।

## २३. सामाजिक दण्ड

'सामाजिक दण्ड' सङग्रहको तेइसौं लघुकथा हो । यस कथाको घटना सन्दर्भ सामाजिक पक्षको रहेको छ । ब्वाँसाले समाजमा दुःख दिएको, समाजले बदला लिन्छन् भनी ब्वासो भागेको, उसका सन्ततिहरू वेपत्ता भएको, ब्वाँसो पुनः ज्ञानी बनी गाउँमा आएको, गाउँलेले विश्वास गरी आश्रय दिएको, फेरि अप्रिय घटना हुन थालेको, फेरि ब्वाँसो वेपत्ता भएको, उसलाई समाजमा कहिल्यै प्रवेश गर्न नदिने बहिस्कारको निर्णय भएको घटना सन्दर्भ यस कथामा आएको छ (पृ.२९) । अपराधीलाई आश्रय दिनुभन्दा बहिस्कार गरी सामाजिक दण्ड दिनु उचित हुने सन्दर्भमा कथाको शीर्षक चयन भएको छ ।

यस लघुकथामा ब्वाँसो काजी कैयौं पटक हज्जारौं चौपायाको आन्द्राभुँडी झिकिसकेपछि समाजको विद्रोहबाट त्रसित भई भाग्छ । उसका पछि लागेका शाखा सन्तान बिपत्ता हुन्छन् । पुनः फेरि गाउँमा ब्वाँसो काजी ज्ञानी बनेर फर्किन्छ । सबैले विश्वास गर्छन् । फेरि अप्रत्यासित ढङ्गबाट गाउँमा आपराधिक घट्न थाल्छन् । समुदायमा सभा हुन्छ, यो अपराधी ब्वाँसो काजी नै हो भन्ने ठहर हुन्छ । आइन्दा उसलाई समाजमा कहिल्यै प्रवेश गर्न नपाउने बहिस्कारको निर्णय हुन्छ । यस कथामा राजनीतिक घटना सन्दर्भ रहेको देखिन्छ । यस लघुकथाको प्रमुख पात्र मानवेतर प्राणी ब्वाँसो काजी र उसका छोराछोरी शाखा सन्तान रहेका छन् । यस लघुकथामा ग्रामीण बस्ती भीर, पाखा रहेको वातावरणीय परिवेश छ । 'सामाजिक दण्ड' लघुकथा चार अनुच्छेदमा संरचित कथा हो । यस कथामा सरल वाक्य गठनको प्रयोग छ । कथा विवरणात्मक शैलीमा लेखिएको छ ।

## २४. प्रलय पूर्व संकेत

'प्रलय पूर्व संकेत' लघुकथा सङग्रहको चौबिसौं लघुकथा हो । यस कथामा सामाजिक घटना सन्दर्भ प्रस्तुत छ । गाउँभरि साँझदेखि, रातभर स्याल, कुकुर, फ्याउरो अत्तालिएर रुने,

कराउने गरेको घरघरका कौसी बरन्डामा मलसाप्राहरूले बुर्कुसी मारेको, गाउँबासीहरू वाक्क भएका जीवजन्तुले देखाएको लक्षणले उत्पात र प्रलयको पूर्व सङ्केत आएको त्रासदपूर्ण घटना सन्दर्भ रहेको छ (पृ. ३०) मान्छेले भन्दा पशुपछीले दैविक प्रकोपको पूर्व सङ्केत अगाडि थाहा पाउँछन् भन्ने सन्दर्भबाट कथाको शीर्षक चयन भएको छ ।

यस लघुकथाको प्रमुख पात्र रामजी हो । मानवेतर पात्रहरूमा स्याल, कुकुर, काग, ब्वाँसो छन् । यस लघुकथामा गाउँको सेरेफेरोमा रहेका घर, बस्ती, कौसी, बरन्डा, प्रलय हुने भन्ने भयपूर्ण समाजमा सन्त्रासको ग्रामीण परिवेश छ । 'प्रलयको पूर्व संकेत' लघुकथा चार अनुच्छेदमा संरचित कथा हो । यस कथामा सरल वाक्यको साथै वर्णनात्मक शैली अपनाइएको छ ।

## २५. कथाको परिदृश्य

'कथाको परिदृश्य' लघुकथा सङग्रहको पच्चिसौं लघुकथा हो । यस कथाको घटना सन्दर्भ राजनीतिक देखिन्छ । लघुकथामा देशमा जनयुद्वका नामले फैलिएको आतङ्कबाट कोही क्रान्तिका नामले जङगलवासी बनेको, कोही सत्ता जोगाउन र ज्यान जोगाउन सहर पसेको, अशक्तहरू गाउँमै बसेका, युद्वले चरमोत्कर्ष लिएको, कोही सहिद भएका कसैले वीरगति प्राप्त गरेको घटना सन्दर्भ रहेको छ, (पृ. ३१) । शृङखलाबद्व द्वन्द्व ग्रस्त परिदृश्यको सन्दर्भबाट कथाको शीर्षक चयन भएको छ ।

यस लघुकथाको प्रमुख पात्र "ऊ" रहेको छ । अन्य पात्रहरूमा युवा, युवती, वृद्व वृद्वा र नावालक रहेका छन् । यस लघुकथामा डुम्रीबोटे, लप्सन्छा, जितखर्क जस्ता ठाउँहरूमा सन्त्रासपूर्ण जीवन यापन गरिरहेका मानिसहरूको ग्रामीण परिवेश रहेको छ । यो लघुकथा दुई अनुच्छेदमा संरचित कथा हो । यस कथामा सरल र सरस वाक्य गठन हेलिकप्टर जस्ता आगन्तुक शब्द, र विवरणत्मक शैलीको प्रयोग देखिन्छ ।

## २६. मूर्त-मूर्धन्य

'मूर्त-मूर्धन्य' लघुकथा सङग्रहको छब्बिसौं लघुकथा हो । यस कथाको घटना सन्दर्भ सामाजिक पक्षको रहेको छ । बन्दवीरलाई उकालोमा हात्ती, गैडा देखेको, ओरालोमा दुम्सी, खरायो देखेको, तेस्रो दम्साइलोमा लैनो भैसी, गाई देखेको, रातमा भूत र यमराज देखेको, दिनमा भैरव र काली देखेको, गाली र तालिमा रातो, कालो, सेतो, पहेलो, इन्द्रायणीले घेरिएको देखिएको, विभिन्न पक्षबाट देखिने विभिन्न रूपको बखान गरिएको घटना सन्र्दभ रहेको छ (पृ. ३२) । यथार्थमा उसलाई जे देखे पनि ऊ अमूर्तता भित्रको मूर्त मूर्धन्यको सन्दर्भमा कथाको शीर्षक चयन गरिएको छ । यस लघुकथाको प्रमुख पात्र बन्दवीर हो । मानवेतर पात्रहरूमा हात्ती, गैंडा, सिंह, मृग, खरायो रहेका छन् । यस लघुकथामा निश्चित ठाउँ तोकिएको छैन । सामान्य परिवेशमा एककोरीको भन्दा बढीको बन्दवीरले जीवनको यात्रामा भोगेका

भोगाइहरूको आत्मावृत्तान्तको परिवेश छ । यो लघुकथा तीन अनुच्छेदमा संरचित कथा हो । यो कथा सरल र सरस साथै आकर्षक छ ।

## २७. अनिवार्य अवकाश

'अनिवार्य अवकाश' लघुकथा सङग्रहको सत्ताइसौँ लघुकथा हो । यस कथाको घटना सन्दर्भ सामाजिक पक्षमा रहेको छ । यस कथामा हर्कमणि जेहेन्दार, इमान्दार र शिक्षित व्यक्ति भएको, जिल्लाको विकासे अड्डामा मुखियाको नियुक्ति लिएको, सबैको तोक आदेश मान्ने सोझो र इमान्दारी कर्मचारी भएको, कहिल्यै बेचैन र दुःखको अनुभूति नगरेको, राष्ट्र सेवकको जिम्मेवारी पूरा गरी अनिवार्य अवकाश लिएको घटना सन्दर्भ कथामा प्रस्तुत छ (पृ. ३३) । कर्मचारीको सेवा अवधि पुरा भई हर्कमणिले ५८ वर्षको उमेरमा अनिवार्य अवकाश लिएको सन्दर्भबाट शीर्षक चयन भएको छ ।

यस लघुकथाको प्रमुख पात्र हर्कमणि हो । सहायको पात्रहरूमा कार्यालयका हाकिम, सिडिओ, पिडिओ रहेका छन् । यस लघुकथामा विद्यालय, शिक्षण संस्था, सरकारी कार्यालयका साथै ग्रामीण परिवेश रहेको छ । हर्कमणि ५८ वर्ष पार गरेको बफादार र इमान्दार कर्मचारीले २०५८-८-१९ गतेबाट अनिर्वाय अवकाश प्राप्त गरेको परिवेश छ । यो लघुकथा तीन अनुच्छेदमा संरचित कथा हो । यस कथामा सरल वाक्य गठन र विवरणात्मक शैलीको प्रयोग छ ।

## २८. रोल मोडल

'रोल मोडल' लघुकथा सङग्रहको अठाइसौँ लघुकथा हो । यस कथाको घटना सन्दर्भ सामाजिक छ । अल्वर्ट आइन्सटाईन, महात्मा गान्धी, क्लियोपेट्रा, फ्लोरेन्स, नाइटिङ्गेल, सीतालाई रोल मोडल बनाइएको, कक्षामा विदेशी व्यक्तिहरूको नाम रोल मोडेलमा आएको, मालतीले छिमेकी हली दाइ गाउँभरिको हली सेतुमानलाई रोल मोडेल हो भनी बताएको घटना सन्दर्भ कथामा प्रस्ततु छ (पृ. ३४) विदेशीहरू मात्र रोल मोडेल नभएर कृषि प्रधान देशको किसानको छोरा हलीपनि रोल मोडेल बनेको सन्दर्भमा कथाको शीर्षक चयन गरिएको छ ।

यस लघुकथाका पात्रहरू सुवोध, रवि, हिमाल, रितु, पर्वत र मालती हुन् । यस लघुकथामा सहपाठीबीच कक्षा कोठामा संसारमा उदाहरण बनेका व्यक्तिहरूको चर्चा परिचर्चामा कृषि प्रधान देशमा हलो जोत्ने हली पनि रोलमोडल बन्छ भन्ने ग्रामीण परिवेश रहेको छ । यो लघुकथा चार अनुच्छेदमा संरचित कथा हो । यस कथामा सरल वाक्य गठन पाइन्छ । "हाँसको बथानमा बकुल्ला" जस्ता उखानहरू रहेका छन् । रोलमोडल, आजाद जस्ता आगन्तुक शब्दहरू र वर्णनात्मक शैलीमा लेखिएको छ । यस कथाका व्यङ्ग्यात्मक प्रस्तुति र आफ्नो परिवेशको दृष्टान्त नै उत्तम हुने विषय आएको छ ।

## २९. परिस्थिति

'परिस्थिति' लघुकथा सङग्रहको उन्तीसौ लघुकथा हो । यस कथाको घटना सन्दर्भ राजनीतिक पक्षको रहेको छ । साँझको बेला अचानक घरको ढोका ढ्वाकढ्वाक पारेको, युद्धकर्मी र सुरक्षाकर्मीको त्रास भएको कफर्युको उलङ्घन भई गोली लाग्ने डर भएको, हातमा खुकुरी बोकेर डराइडराइ ढोका खोलेको, दोहोरो भिडन्तको सिकारबाट बच्न सासु, ससुरा राती ढोका ढकढक्याउन घरमा आएका, सासू-ससुरा देखेर छक्क परेको त्रासदीपूर्ण घटना सन्दर्भ यस कथामा आएको छ (पृ. ३५) । युद्ध र दन्द्वले नाता गोता, आफन्त समेत भुल्नु परेको परिस्थितिको सन्दर्भमा कथाको शीर्षक चयन भएको छ ।

यस लघुकथामा मुख्य पात्र जेठो हो । अन्य पात्रमा उसकी श्रीमती छोराछोरी र सासूससुरा रहेका छन् । यस लघुकथामा साँझ परेपछि कफर्युको समयमा ढोका खोल्न र बाहिर निस्कन नसकिने २०५२ देखि ०६३ सम्म जनयुद्धले सताएको द्वन्द्वकालिक परिवेश रहेको छ । 'परिस्थिति' लघुकथा दुई अनुच्छेदमा संरचित कथा हो । यस कथामा " बकुल्लाले दच्काएको कुखुरा चल्ला सरी " भएको उखान वाक्यको प्रयोग हुनुका साथै कफर्यु सेल्टर जस्ता आगन्तुक शब्द रहेका छन् । यो कथा भयपूर्ण अवस्थाको परिस्थिति बोध गराउन केन्द्रित छ ।

### ३०. छोराको जन्मदिन

'छोराको जन्मदिन' लघुकथा सङग्रहको तिसौँ लघुकथा हो । यस कथाको घटना सन्दर्भ सामाजिक पक्षको रहेको छ । छोराको जन्मदिनमा परदेशबाट लोग्ने आउने आशा गरेको, पापाले उपाहार ल्याइदिने आशमा छोरा बसेको, ऊ आउन नपाइ फोनबाट दीर्घायुको आशीर्वाद दिएको घटना सन्दर्भ रहेको छ (पृ.३६) । बाबु आफ्नो छोराको जन्मदिनमा आउन नपाएको सन्दर्भबाट शीर्षक चयन गरिएको छ ।

यस लघुकथामा मुख्य पात्रको रूपमा बाबु रहेको छ । अन्य पात्रमा उसका श्रीमती र छोराछोरी रहेका छन् । यस लघुकथामा परदेश गएको बाबु घर आउने र छोराको जन्म दिनमा खुसियाली मनाउने आशा बोकेका बाबु पनि नआएको छोराले सोचे जस्तो उपाहार पनि नपाएको गाउँ घरको आशावादी ग्रामीण परिवेश छ । यो लघुकथा तीन अनुच्छेदमा संरचित कथा हो । यस कथामा सरल र सरस वाक्य गठन, हेप्पी वर्थ डे, ह्याट, बुट जस्ता आगन्तुक शब्द र वर्णनात्मक शैलीमा लेखिएको छ ।

### ३१. सन्जाल

'सन्जाल' **अनुभूत** लघुकथा सङग्रहको एकतीसौ लघुकथा हो । यस कथाको घटना सन्दर्भ सामाजिक पक्षको रहेको छ । बिहानै तरकारी किन्न दुई सय दुई रूपैयाँ बोकी बजार गएको, दुई रूपैयाँको फर्सी किनेको, पकेटमाराहरूले खल्तीबाट पैसा चोरेको, रङ्गेहात प्रहरीमा बुझाएको, प्रहरीले कारवाही नगरी भोलि पर्सी भनी टारेको, दुई रूपैयाँको फर्सीको गट्टालाई

दुई सय दुईको खसी मानी चित्त बुझाएको घटना सन्दर्भ रहेको छ (पृ.३७) यस कथामा सुरक्षाकर्मीको पनि पाकेटमारासँग सन्जाल रहेको सन्दर्भबाट शीर्षक चयन भएको छ ।

'सन्जाल' लघुकथामा प्रमुख पात्र प्रज्ञारत्न हो । अन्य पात्रहरूमा पाकेटमार केटाहरू र सुरक्षाकर्मीहरू रहेका छन् । यस लघुकथामा काठमाडौँको महावौद्ध वरिपरि पाकेटमारासँग मिलेमतो गर्ने सुरक्षाकर्मी रहेको परिवेश उल्लेख गरिएको छ । यो लघुकथा दुई अनुच्छेदमा संरचित कथा हो । यस कथामा सरल र सरस वाक्य गठन अनि वर्णनात्मक शैलीमा लेखिएको छ ।

## ३२. भयपूर्ण अस्थिरता

'भयपूर्ण अस्थिरता' लघुकथा सङग्रहको बत्तिसौ लघुकथा हो । यस कथाको घटना सन्दर्भ राजनीतिक पक्षको रहेको छ । ढाकरे, बटुवा, लाउरे, कर्मचारी बाटोघरेको घरमा बास बस्ने गरेको, खान बस्न सुविधा र सान्त रहेको, अहिले नौरथाको मौलो भएको अवस्था, बाटोघरको घरको आँगन रक्तकुण्ड भएको द्वन्द्वात्मक घटना सन्दर्भ कथामा प्रस्तुत छ (पृ३८) । सन्दर ठाउँ पनि राजनीतिक द्वन्द्व र युद्वले बली चढ्ने कोट भएको सन्दर्भमा शीर्षक चयन भएको छ ।

यस लघुकथामा मुख्यतः कुनै पनि पात्रको चयन भएको छैन । कथाकार स्वयम् मुख्य पात्र हुन् । अन्य पात्रमा ढाके, भरिया, लाहुरे, यात्री, कर्मचारी जस्ता पात्र उभ्याइएका छन् । यस लघुकथामा घुर्मी, कटारी, लामिडाँडा, रूम्जाटारबाट दिक्तेल आउँदा बिचमा परेको बाटो घरेको घर खाना बस्नको राम्रो परिबन्ध भएकोमा अशान्ति र द्वन्द्वले रक्तकुण्ड बनेको भयपूर्ण ग्रामीण परिवेश छ । यो लघुकथा तीन अनुच्छेदमा संरचित कथा हो । यस कथामा सरल र सहजतापूर्ण ढङ्गबाट बुझ्न सकिने वाक्य गठन छन् । रेस्टुरेन्ट, होटेल, लज, रिसोर्ट, स्कुल जस्ता आगन्तुक शब्द प्रयोग गरेर कथा विवरणात्मक शैलीमा लेखिएको छ ।

## ३३. अभीष्ट

'अभीष्ट' लघुकथा सङग्रहको तेत्तिसौ लघुकथा हो । यस कथामा सामाजिक पक्षको घटना सन्दर्भ रहेको छ । ब्रह्माचारी यौन पिपाशु बनेको जोगी चोर भएको, राज्य र राजनीतिज्ञ द्रव्योभिचारी भएको, गुरूजनलाई कलङ्कले सङ्क्रमण गरेको, बिहेका जन्ती र मर्दाका मलामीसम्म हुन नसक्ने समाजहरू धर्म संस्कृति र सभ्यता विमुख शून्य सरी भएको घटना सन्दर्भ यस लघुकथामा आएको छ (पृ३९) । सामाजिक विसङ्गतिको शून्यता भित्र पनि एउटा भरोसा जीवन्त राख्ने अभीष्ट रहेको सन्दर्भमा कथाको शीर्षक चयन भएको छ ।

यस लघुकथामा कथाकार स्वयं मुख्य पात्रका रूपमा रही सहायक पात्रमा ब्रह्माचारी, जोगी, राजनीतिज्ञ, शिक्षक रहेका छन् । यस लघुकथामा धर्म, संस्कृतिको विकृति, विसङगतिसँग बेरिएको अशान्तिको वातावरणीय परिवेश छ । यो लघुकथा तीन अनुच्छेदमा

संरचित कथा हो । यस कथामा सरल र सहज ढङ्गबाट बुझ्न सकिने वाक्य गठन छन् । “बिहेका जन्ति मर्दाका मलामी” जस्ता युक्तिले सजिएको कथा मनोवाद शैलीमा लेखिएको छ ।

### ३४. धरातलको पहिचान

'धरातलको पहिचान' लघुकथा सङग्रहको चौतिसौं लघुकथा हो । यस कथाको घटना सन्दर्भ सामाजिक पक्षको रहेको छ । यस कथामा घर व्यवहार छोडी गोरु व्यापारमा लागेको, छोराछोरी अनपढ भइ सहरतिर लागेको, श्रीमतिले घरको पेटीमा माटोखानी बनाइ माटो बेचेको, घर भत्किएर श्रीमती मरेकी, छोराछोरी लिएर घर फर्किदा घर नभएको, हार गुहार गरी नयाँ घर बनाएर जीविका गरेको घटना सन्दर्भ रहेको छ, (पृ.४०) । आर्थिक पीडाबोध भइ बरालिए पनि अन्तिममा आफ्नै जन्मभूमिको धरातलमा निर्वाह गर्नु परेको सन्दर्भमा कथाको शीर्षक रहेको छ ।

यस लघुकथामा मुख्य पात्र अगमे हो र सहायक पात्र अगमेकी श्रीमती र छोराछोरीहरू रहेका छन् । यस लघुकथामा गाउँबस्ती, घर, नक्सालवारी, खाल्पाडा, बर्षा, हिउँ जस्ता परिवेश छन् । यो लघुकथा तीन अनुच्छेदमा संरचित छ । यस कथामा सरल र सरसपूर्ण ढङगबाट परिस्थितिगत यथार्थ भावनात्मक शैलीमा लेखिएको छ ।

### ३५. कालजयी मार्ग

'कालजयी मार्ग' लघुकथा सङग्रहको पैतिसौं लघुकथा हो । यस कथाको घटना सन्दर्भ सामाजिक देखिन्छ । कथामा प्रस्तुत घटना सन्दर्भ बाल्यकाल सु:खमय वितेको, गाउँकै स्कुलमा शिक्षक भएको, कुल घरानकी छोरी बिहा गरी पाँच सन्तानको बाउ बनेको, मद्यपानको सेवनले बजारभित्र निर्लज्ज भई लडिरहेको बीभत्स दृश्यले समाजमा इज्जतहीन भएको गरिएको छ ( पृ.४१) शैक्षिक आदर्शमा ठेस लगाई आदर्श पुरुषले कालजायी मार्ग लिएको सन्दर्भबाट शीर्षक चयन भएको छ ।

'कालाजायी' मुख्य पात्र आशीष हुन् र सहायक पात्रको रूपमा त्रिलोचन र बजारबासी समाज रहेका छन् । यस लघुकथामा घर, स्कुल, कलेज बुइपाको पञ्चमी बजारमा एक शिक्षित व्यक्ति आशिष रक्सीले मातेर निर्लज्ज भई लडेको ग्रामीण परिवेश छ । यो लघुकथा तीन अनुच्छेदमा संरचित कथा हो । यस कथामा स्कुल, कलेज जस्ता आगन्तुक शब्दको प्रयोगका साथै कथा विवरणात्मक शैलिमा लेखिएको छ ।

### ३६. परस्पर दुस्मन

'परस्पर दुस्मन' लघुकथा सङग्रहको छत्तिसौं लघुकथा हो । यस कथामा राजनीतिक घटना सन्दर्भ प्रस्तुत छ । विद्यालयका शिक्षक बीचमा राजनीतिक भागबण्डा भएको, प्र.अ. प्रेमप्रसादलाई नयाँ सरकारले कारबाही गरेको, उपचारका लागि हेलीमा राजधानी लगेको

विद्यालयका स्टाफलाई आतङ्ककारी बनाई सुरक्षा घेरामा हालेको,बलिमानको बली चढाएको, आइतमानलाई जेल चलाएको, शान्ति सम्झौता पछि आइतमान जेलबाट छुटेको,आइतमान र प्रेमप्रसाद सदरमुकाममा एउटै होटलमा खाने सुत्ने गरेको, अस्तित्व नामिट दुस्मन नभएको घटना सन्दर्भ नै कथामा आएको छ (पृ.४२) । राजनीतिक द्वन्द्वमा ज्यानको बाजी राखी दुस्मन भएकाहरू हाल दाह्रा-नङ्ग्राबिहीन परस्पर दुस्मनीका रूपमा रहेको सन्दर्भबाट शीर्षक चयन भएको छ

'परस्पर दुस्मन' लघुकथामा मुख्य पात्र प्रेमप्रसाद र आइतमान हुन् । सहायक पात्रहरू झरना, बलिमान र फुलमाया रहेका छन् । यस लघुकथामा खोटाङ जिल्लाको राखा बाङ्देल, दिक्तेल र काठमाडौको राजनीतिक द्वन्द्वात्मक भयपूर्ण अशान्तिको परिवेश छ । यो लघुकथा चार अनुच्छेदमा संरचित यस कथामा छ । हेलिकप्टर जस्ता आगन्तुक शब्दको प्रयोग पाइन्छ । यो कथा बर्णनात्मक शैलीमा लेखिएको छ ।

## ३७. विनाश

'अनुभूत' लघु कथासङ्ग्रहको सैतिसौं लघुकथा विनाश हो । यस कथाको घटना सन्दर्भ सामाजिक पक्षमा केन्द्रित छ । यस लघुकथामा छत्रबहादुरको घरको मुसीमा एक जोडी परेवा भएको, एक जोडी बच्चा हुर्काएको, बच्चाले गुँडलाई आफ्नो पारेको, बच्चाले बुढाबुढी मारेको, त्यसै गरी नयाँ जोडीले पुरानालाई मार्दै गएको, कलहबाट सन्ततिको उद्धार नभई विनाश भएको, घटना सन्दर्भ रहेको छ (पृष्ठ ४३) । पारिवारिक द्वन्द्वले विनास ल्याउँछ भन्ने सन्दर्भबाट कथाको शीर्षक चयन भएको छ ।

'विनाश' लघुकथामा मुख्य पात्र छत्रबहादुर हो । मानवेतर पात्रहरूमा परेवाका जोडी र बच्चाहरू छन् । यस लघुकथामा छत्रबहादुरको घरको मुसीमा परेवाका जोडीको वासस्थान भएको ग्रामीण परिवेश छ । यो लघुकथा चार अनुच्छेदमा संरचित छ । यस कथामा उफ्री-उफ्री, भ्याटभ्याट जस्ता अनुकरणात्मक शब्दको प्रयोग छ । यस कथामा सरल वाक्य गठन हुनाका साथै वर्णनात्मक शैलीको प्रयोग छ ।

## ३८. परराष्ट्रिय प्राणी

'परराष्ट्रिय प्राणी' लघुकथा सङग्रहको अठ्तिसौ लघुकथा हो । यस कथामा घटनाको सन्दर्भ ऐतिहासिक रहेको छ ॥ यस कथामा चेतोनाथले निशास्त्र विषयमा थेसिस गरेको, थेसिसमा स्वजातीय युराल पर्वतमा टिक्न नसकी गढवाल कुमाउ, सिजापतिका शरणमा पुगेको, त्यहाँबाट मध्यमार्ग आई रैतिलाई कजाई मोजमस्ती गरेको, उनीहरूको अमानवीय व्यवहारबाट देश र जनताले दुःख पाएको, स्वजातीयलाई स्वधर्मीका रूपमा नराखी परराष्ट्रिय प्राणीका रूपमा व्यवहार गर्ने गुप्तको थेसिसमा उल्लेख भएको ऐतिहासिक घटना सन्दर्भ रहेको छ (पृष्ठ

४४)। विदेशी चलखेलबाट स्वदेशीलाई पलायन गराएको सन्दर्भमा कथाको शीर्षक चयन भएको छ ।

'परराष्ट्रिय प्राणी' लघुकथामा मुख्य पात्र चेतोनाथ हुन् । सहायक पात्रमा प्रोफेसर स्थिर गुप्ता हुन् ।यस लघुकथामा विश्वविद्यालयको थेसिस अध्ययनमा स्वजातीय सुखभोगका साथै दुष्कर्मको वातावरणीय परिवेश छ । यो लघुकथा तीन अनुच्छेदमा संरचित छ । यस कथामा जटिल र मिश्र वाक्य गठन हुनाका साथै निशास्त्र, दुष्कर्म, सतपथ जस्ता तत्सम शब्दको प्रयोग छ ।

### ३९. जन्म भूमिश्च

'जन्म भूमिश्चः' लघुकथा सङग्रहको उन्चालिसौ लघुकथा हो । यस कथामा घटना सन्दर्भ प्रतीकात्मक पक्षको रहेको छ । अजितले रूपाकोटको शिखर चढ्ने अभिलाशा बोकेको अवस्था, एक दिन चार घन्टा लगाएर रूपाकोट पुगेको, अग्लो चुचुरो सिद्धथानमा चढी चारैतिर नियालेर हेरेको, शान्ति र अमनचयन हराएको देखेर आँसु बगाएको, बेहोस भएको, भक्क लडी सन्सारलाई माया मारेको घटना सन्दर्भ कथामा प्रस्तुत छ (पृष्ठ ४५) । राजनीतिक द्वन्द्व र सामाजिक विसङ्गतिको सन्त्रासबाट जन्मभूमिलाई जीवनदान दिएको प्रसङ्गबाट कथाको शीर्षक चयन भएको छ ।

'जन्म भूमिश्चः' लघुकथामा एकमात्र पात्र अजित हो । सहायक पात्रहरूका रूपमा उसका घरपरिवारजन रहेका छन् । यस लघुकथामा दिक्तेल, मुढे, रूपाकोट, सिद्धथानको प्राकृतिक सौन्दर्यको विचलन भएको अशान्तिपूर्ण परिवेश छ । यो लघुकथा तीन अनुच्छेदमा संरचित कथा हो । यो कथा सरल वाक्य ढाँचामा र विवरणात्मक शैलीमा लेखिएको छ ।

### ४०. जातीय विशेषता

'जातीय विशेषता' लघुकथा सङग्रहको चालिसौं लघुकथा हो । यस कथामा घटना सन्दर्भ सामाजिक पक्षको रहेको छ । दुधिलाको रुखमा रूपीले गुँड लगाएको, रूपीको चिरविरबाट भक्तबहादुरले गोठको धन्दा गर्ने गरेको, कागले रुपिका बच्चा खाइदिइ त्यही गुँडमा फुल पारेको, कागका फुल कोइलीले खाइदिई त्यही गुँडमा कोइलीले फुल पारेको कोइलीका फुलबाट कागले बच्चा कोरलेको, बच्चा हुर्केपछि कोइलीसंगै गीत गाउन गएको घटना सन्दर्भ रहेको छ (पृष्ठ ४६) । कागले कोइलीका फुलबाट बच्चा कोरलेकोमा आफ्ना बच्चा नभई कोइलीका बच्चा भएकाले काग एक्लो भएको सन्दर्भबाट कथाको शीर्षक चयन भएको छ ।

'जातीय विशेषता' लघुकथामा मुख्य पात्र भक्तबहादुर हुन् । मानवेतर पात्र पछीहरूमा रूपी, काग, कोइली रहेका छन् । यस लघुकथामा गाउँघर गोठको ग्रामीण बनपाखा विभिन्न

जातिका चराचुरुङ्गीले अन्डा कोरलेको परिवेश छ । यो लघुकथा तीन अनुच्छेदमा संरचित छ । यस कथामा सरल वाक्य गठन र वर्णनात्मक शैलीको प्रयोग छ ।

### ४१. अल्झिएको आत्मा

'अल्झिएको आत्मा' लघुकथा सङग्रहको एकचालिसौ लघुकथा हो । यस कथाको घटना सन्दर्भ सामाजिक देखिन्छ । दशैंको टिकाको आशीष थाप्न दर सन्तान बाजेका सामुन्ने जम्मा भएका र बिदा हुने अवस्था, बाजेले सबैलाई छोएर सुक्क-सुक्क रुन थालेको, जीवनको अन्तिम दशैं हो मेरा शेषपछि तिमीहरूको झगडा हुने छ, भाग दौड भइ पराधीन छाउने छ भनी निरास भएको घटना सन्दर्भ कथामा छ ( पृष्ठ ४७) । बाजेको शेषपछि सम्पत्तिमा छोरा नातिको कलह भइ सबैको हार र पराधीन हुने छ र बाजेको आत्मा विछिप्ततामा अल्झिनेछ भन्ने सन्दर्भबाट शीर्षकको चयन भएको छ ।

'अल्झिएको आत्मा' लघुकथाका मुख्य पात्र वीरधन हुन् । सहायक पात्रका रूपमा छोरा, छोरी, नातिनातिनाहरू रहेका छन् । यस लघुकथामा गाउँ, घर, ग्रामीण वस्ती बडा दसैंको टिकाको दिन आशिष थाप्न जम्मा भएका दर सन्तानको उपस्थितिको परिवेश छ । यो लघुकथा तीन अनुच्छेदमा संरचित छ । यस कथामा सरल वाक्य ढाँचा र विवरणात्मक शैलीको प्रयोग छ ।

### ४२. विडम्बना

'विडम्बना' लघुकथा सङग्रहको बयालिसौं लघुकथा हो । यस कथाको घटना सन्दर्भ राजनीति केन्द्रित छ । यस लघुकथामा सारा घरवार उठाएर खेल मैदान निर्माण गरेको अवस्था, खेल मैदानमा तीन वटा खेलहरूको प्रदर्शन गर्न तयार भएको कुनै पनि खेल नखेलेको,राष्ट्र खेलमैदान, नेता खेलाडी, दर्शक जनता भएको, जनतालाई अलपत्र पारेको घटना सन्दर्भ रहेको छ (पृ.४८) । त्रिपक्षीय सहमतिको एउटै खेल देखेर दर्शक दङ्ग परेर खेल ह्याङ्गरमा झुन्डियो र खेलाडी ग्राउन्डेट भएको विडम्वना सन्दर्भबाट शीर्षक चयन भएको छ ।

'विडम्वना' लघुकथाका कथाकार स्वयं आफै पात्रका रूपमा भूमिका खेलेका छन् । सहायक पात्रका रूपमा विद्यार्थी, कोचर, निर्णायक रहेका छन् । यस लघुकथामा खेल मैदान खेलाडी तीनवटा खेलमा को पहिलो खेल्ने भन्ने होडवाजी चल्दै खेलै नखेलिनै सहमतिको रूपमा खेल समापन भएको र दर्शक छक्क परेको वातावरणीय परिवेश छ । यो लघुकथा चार अनुच्छेदमा संरचित कथा हो । यस कथामा सरल वाक्य गठन छ । स्कुल, फुडबल, क्रिकेट, ग्राउन्डेड जस्ता आगन्तुक शब्दको प्रयोग छ । कथा प्रतीकात्मक छ र खेलबाट राजनीतिक यथार्थ उजागर भएको छ ।

### ४३. उर्वरा खेती

'उर्वरा खेती' लघुकथा सङग्रहको त्रिचालिसौ लघुकथा हो । यस कथाको घटना सन्दर्भ राजनीतिक पक्ष देखिन्छ । यस लघुकथामा जनआन्दोलनमा सपुतले ज्यान गुमाएको, निरंकुशतन्त्रले घुँडा टेकी प्रजातन्त्र आएको, अचानक एक दिन प्रजातन्त्र अन्तरिक्षमा बिलाएको, चुनावको जित र सत्ताको रवाफलाई सम्झेर नेताहरूले खुवै विलौना गरेको, पुनः अर्को आन्दोलनको उद्घोष भएको र आन्दोलनबाट नाफै- नाफाको उर्वरा खेती भई जनता हरूवा चरुवा भएको घटना सन्दर्भ रहेको छ (पृ.४९) ।राजनीतिक आन्दोलनबाट नेताले लाभ उठाएको सन्दर्भमा शीर्षक चयन भएको छ ।

'उर्वरा खेती' लघुकथामा “ऊ” पात्रले मुख्य भूमिका खेलेको छ । गौण पात्रको रूपमा नेतागणहरू रहेका छन् । यस लघुकथामा नेपाली राजनीतिमा विभिन्न कालखण्डमा भएको आन्दोलनबाट नेतालाई मालिक र जनतालाई नोकर बनाएको वातावरणीय परिवेश छ । यो लघुकथा तीन अनुच्छेदमा संरचित छ । यस कथामा सरल र मिश्र वाक्य गठन हुनुका साथै अभीष्ट, उद्घोष जस्ता तत्सम शब्द र विवरणात्मक शैलीमा लेखिएको छ ।

### ४४. चिन्ता भविष्यको

'चिन्ता भविष्यको' लघुकथा सङग्रहको चौवालिसौं लघुकथा हो । यस कथाको घटना सन्दर्भ सामाजिक पक्षको रहेको छ । टोल टोलका केटाकेटी जम्मा भई होली खेलेको रङ्ग खेल्ने निहुँमा ढल र हजको छ्यापा छ्याप भएको एक समूह र अर्को समूहबीच झगडा भएको, धर्म संस्कारमा विकृति, विसङ्गतिले खिन्नता छाएको घटना सन्दर्भ कथामा प्रस्तुत छ (पृ.५०) । रङ्गको होली खेल्ने पर्वमा द्वन्द्व भएकाले भविष्यको चिन्ता सन्दर्भबाट शीर्षक चयन भएको छ ।

'चिन्ता भविष्यको' लघुकथाका मुख्य पात्र दराकसिंह हुन् । सहायक पात्रका रूपमा टोलटोलका केटाकेटीहरू रहेका छन् । यस लघुकथामा होली पूर्णिमा अवसरमा रङ्ग खेल्ने निहुँमा ढल र हजको फोहोर छ्यापाछ्याप गरी टोलटोलका लालाबाला बीचमा वैमनश्यता छाएको ग्रामीण परिवेश छ । यो लघुकथा तीन अनुच्छेदमा संरचित कथा हो । यस कथामा सरल र संयुक्त वाक्य गठन छन् । कथामा बाल्टी ड्रम, हज जस्ता आगन्तुक शब्द र वर्णनात्मक शैलीमा लेखिएको छ ।

### ४५. हाम्रो गाउँको कथा

हाम्रो गाउँको कथा लघुकथा सङग्रह (२०६२) को पैताचालिसौँ कथा हो । यस कथाको घटना सन्दर्भ,सामाजिक पक्षको रहेको छ । बाल्यकाल सामान्य रहेको, युवा अवस्थामा फर्साईलो भई गीत गाएरै जीवन साथी ल्याएको, छोराछोरी बाक्ला भएका, दुई छोरा विदेश गए पनि एक सुको देख्न नपाएको, तीन छोरा मुग्लान भासिएका, छोरीको विवाह भइसकेको,

श्रीमती टि.वी. रोगी भएकी एक्लै बनीबुतो गरी दुइ जनाको जीवन धान्न बुढेसकालमा कठिन भएको घटना सन्दर्भ कथामा प्रस्तुत छ (पृ.५१) । जति सन्तान भए पनि वृद्ध अवस्थामा एक्लो भइ दुःख खेप्नु परेको सन्दर्भबाट शीर्षक चयन भएको छ ।

'हाम्रो गाउँको कथा' लघुकथाका मुख्य पात्र काजीबहादुर हुन् । सहायक पात्रका रूपमा उसकी श्रीमती र छोरा, छोरीहरू रहेका छन् । यस लघुकथामा निश्चित ठाउँ नोतोकिए तापनि गाउँ टोलको ग्रामीण वातावरणमा मेला पात बनिबुतो गरी ढिँडो रोटी गुन्द्रुक खाई जीवन धानेको ग्रामीण परिवेश छ । यो लघुकथा चार अनुच्छेदमा संरचित कथा हो । यस कथामा सरल गठन रहेको छ । यस कथामा "खाइसार न लाइसार मरेपछि लम्पसार", "बाह्र छोरा तेह्र नाति बुढाको धोक्रो काँधैमाथि" जस्ता उखानको प्रयोग छ । कथा वर्णनात्मक शैलीमा लेखिएको छ ।

### ४६. अमूक पीडाहरू

'अमूक पिडाहरू' लघुकथा सङग्रहको छयाचालिसौ लघुकथा हो । यस कथाको घटना सन्दर्भ सामाजिक पक्षको रहेको छ । बाल्यकालमै प्रेमी प्रेमीका बनेको अबस्था, उच्च शिक्षा हासिल गरी शिक्षण पेसामा सरिक भई आत्म निर्भर भएर बिहे गरेको, उमेर ढल्केपछि दोजिया भएकी, स्वास्थ्य सन्तान जन्माउन सेवाबाट पलायन भई दुवैले गाउँ छाडी सिमाना पारीको प्रवास रोजेको घटना सन्दर्भ रहेको छ (पृष्ठ ५२) । जन्मेको माटो गाउँ समाज छाड्ने रहर नभएको, स्वास्थ्य, शान्त र अनुकुल वातवरण नभएकाले आफ्नो गन्तव्य सिमाना भन्दा पर रोज्नु परेको अमूक पिडाको सन्दर्भबाट कथाको शीर्षक चयन भएको छ ।

'अमूक पीडाहरू' लघुकथाका पात्र वविता र विनोद हुन् । यस लघुकथामा गाउँकै विद्यालयको सेरोफेरोमा रही स्वस्थ जीवनका खातिर परदेसिनु परेको ग्रामीण परिवेश छ । यो लघुकथा तीन अनुच्छदमा संरचित छ । यस कथामा सरल र सरस वाक्य गठन रहेको छ र कथा विवरणात्मक शैलीमा लेखिएको छ ।

### ४७. सरल व्यवसाय

सरल व्यवसाय लघुकथा सङग्रहको सत्चालिसौ लघुकथा हो । यस कथाको घटना सन्दर्भ, राजनीतिक पक्षको रहेको छ । सामाजिक संघ-संस्थाले विविध अभिनयात्मक शैलीबाट आर्थिक सङ्कलन गर्ने गरेको, त्यसरी जनताबाट संकलन गरेको रकम संस्थाको निहुँमा पार्टीलाई प्रतिशत बाँडेर मुन्द्रा धारीहरूलाई पालेको, घटना सर्न्दभ रहेको छ (पृष्ठ ५३) । वाहनाबाजिमा खोलिएका एन.जि.ओ. ले सर्बसाधरणबाट रकम जम्मा गरी राजनीतिक पार्टीलाई हिस्सा तिरी आर्थिक हिनामिना गरेको सन्दर्भबाट शीर्षक चयन भएको छ ।

सरल व्यवसाय लघुकथाका मुख्य पात्र देवरत्न हुन् । सहायक पात्रहरूमा दर्शक, स्रोताहरू र आयोजकहरू रहेका छन् । यस लघुकथामा जिल्लाको थिएटर हल, सम्मान

समारोहका कार्यक्रम एवं आयोजकहरूलाई सम्मानित गरिने बहानामा आर्थिक हिनामिना भएको ग्रामीण परिवेश छ । यो लघुकथा तीन अनुच्छेदमा संरचित छ । यस कथामा सरल र संयुक्त वाक्य ढाँचा रहेका छन् । यसमा थिएटर हल, हजम, एनजीओ जस्ता आगन्तुक शब्दहरू प्रयोग गरिएका छन् । यो कथा विवरणात्मक शैलीमा लेखिएको छ ।

### ४८. कुमति

'कुमति' लघुकथा सङ्ग्रहको अठ्चालिसौ लघुकथा हो । यस कथाको घटना सन्दर्भ राजनीतिक पक्षको रहेको छ । केही भतुवा कुकुरहरू बजार पसेको अबस्था, टोल बासीले भतुवा कुकुरलाइ पल्काएको, घरपालुवा कुकुरहरू पनि भतुवा र भुस्याहा बनेका, कुकुर बहुलाएर बजारबासीहरूलाई टोक्न थालेको,कुकुरहरू मारिएको, टोलबासीहरू र्‌याबिज ग्रस्त भएका, अर्को टोलमा पनि र्‌याबिज सरी बहुलाएर भुक्न थालेका,भतुवालाइ पल्काउनाले दुःख भोग्नु परेको घटना सन्दर्भ रहेको छ (पृष्ठ ५४) । खराब परिपाटीलाई संरक्षण गरेमा उल्टै नियति भोग्नु परेकोले मर्नु भन्दा बहुलाउनु निको भन्ने सन्दर्भबाट कथाको शीर्षक चयन गरिएको छ ।

'कुमती' लघुकथामा मानवेतर पात्र कुकुरहरू र टोलबासी, बजारबासीहरू रहेका छन् । यस लघुकथामा गाउँबाट बजार पसेर भुस्याहा बनेका कुकुरहरू ऱ्याबिज ग्रस्त भई सखाप भएको र रैथाने कुकुरहरूलाई ऱ्याबिज लागि टोल बजारबासी समेत ऱ्याबिजले ग्रस्त भएको शहरीया परिवेश छ । यो लघुकथा चार अनुच्छेदमा संरचित कथा हो । यस कथामा सरल र मिश्र वाक्य गठन भएको छ । भतुवा, भुस्याहा जस्ता शब्दहरू र वर्णनात्मक शैलीमा लेखिएको छ । कथा व्यङ्ग्यात्मक र प्रतीकात्मक रहेको छ ।

### ४९. जनता जनार्दन

"अनुभूत" लघुकथा सङ्ग्रह (२०६२) को उनान्पचासौ लघुकथा 'जनता जनार्दन' हो । यस कथाको घटना सन्दर्भ, सामाजिक पक्षको रहेको छ । घर व्यवहार चलाउन हलको गोरु फुटाइ बिक्री गर्नु परेको अबस्था, गोरुको मोल पैंतिस सय भएको,बिक्रीनामा कागज बनाउन कर कार्यालय गएको, सत्र सयको मात्र लेखापढी भएको, गोरुको मोल नपुगेकोमा खरिदेसँग गोरुको मोल मागेको, खरिदेले गोरु भगाएर लगेको, टेबुलमा नै पैसा छाडी खरिदेसँग गोरु खोस्न गएको, उल्टै पिटाइ खाई, गोरु न पैसा भइ ऋणबाट मुक्त हुन नपाएको घटना सन्दर्भ छ (पृष्ठ ५५)। ठगहरूको मिलेमतोमा सरकारी कर्मचारीले पनि जनतालाई दुःख दिएको सन्दर्भ बाट कथाको शीर्षक चयन भएको छ ।

'जनता जनार्दन' लघुकथाका पात्रहरू रामभरोसा र रामेश्वर हुन् । मानवेतर पात्रहरू सेतु र कलुवा छन् । सहायक पात्रमा खरिदवाला, कर कार्यालयका कर्मचारीहरू रहेका छन् । यस लघुकथामा चौपाय, बिक्री कक्ष, रानी हटिया, कर कार्यालय, रामभरोसा गोरू न पैसा भई

लुटिए, पिटिएको पीडादायी सहरिया परिवेश छ । यो लघुकथा तीन अनुच्छेदमा संरचित कथा हो । यस कथामा सरल वाक्य ढाँचाको प्रयोग छ । कथा विवरणात्मक लेखिएको छ ।

### ५०. कृतध्न स्वार्थहरू

**अनुभूत** लघुकथा सङग्रह (२०६२) को पचासौ लघुकथा 'कृतध्न स्वार्थहरू' हो । यस कथाको घटना सन्दर्भ सामाजिक पक्षको रहेको छ । अनिकालको प्रकोप बढेकाले आहारा खोज्न समुद्रको किनारमा गएको अबस्था, अप्रत्यासित रूपमा समुद्रको छालले आहारा ल्याएको, दुवै पक्षले भोक मेटाएको, फेरि धेरै समय खान नपाई छट्पटाएको, जल्लाहदले माछा मारी भण्डार गरेको, गिद्वले भण्डार गरेका माछाहरू चोरेर खाएको, जल्लाहदले सबै गिद्वलाई मारी सिनु बनाएको घटना सन्दर्भ कथामा प्रस्तुत छ (पृष्ठ ५६) । दुवै पक्षको पेट भर्ने यथावत् समस्या भएता पनि एकले अर्कामा प्रतिशोध लिने इर्ष्याले स्वार्थी बनेको सन्दर्भबाट कथाको शीर्षक चयन भएको छ ।

'कृतध्न स्वार्थहरू' लघुकथामा मानवेतर पात्रहरू जल्लाहद र गिद्ध रहेका छन् । यस लघुकथामा पृथ्वी, जलचर, थलचर, समुन्द्रको किनार परवेशको रूपमा रहेको छ । यो लघुकथा तीन अनुच्छेदमा संरचित कथा हो । यस कथामा सरल र संयुक्त वाक्य ढाँचा र जिजीविषा जस्ता तत्सम शब्द भइ वर्णनात्मक शैलीमा लेखिएको छ । कथा प्रतीकात्मक र दार्शनिक सत्यको उजागर अनि जीवजनावरको वातावरणीय व्यवस्थाका विषय प्रस्तुतमा केन्द्रित छ ।

### ५१. असहिष्णुताको पराकाष्ठा

"अनुभूत" लघुकथा सङग्रह (२०६२) को एकाउन्नौ लघुकथा 'असहिष्णुताको पराकाष्ठा' हो । यस कथाको घटना सन्दर्भ सामाजिक पक्षको रहेको छ । चौवाटोमा भीमकाय अजिङ्गरले गोहोरोलाई आधा निलेको देखेर गतिमान गाडीको ब्रेक लागेको अवस्था, गोहोरोले भ्यागुतो आधी निलेको, भ्यागुताले बिच्छी आधी निलेको, बिच्छीले अजिङ्गरलाई टोकेको, अजिङ्गरले गोहोरो एकैचोटि निलेको र बिच्छीको टोकाइले अजिङ्गर पनि मरेको घटना सन्दर्भ रहेको छ, (पृ. ५७) । यसरी ठुलाले सानालाई आहारा बनाएकोमा सानाको बिषालु डसाइले सबैको नाश भएको सन्दर्भबाट कथाको शीर्षक चयन भएको छ ।

'असहिष्णुताको पराकाष्ठा' लघुकथाका पात्रहरू कथाकारको परिकल्पनामा मानवेतर पात्र अजिङ्गर, गोहोरो, भ्यागुतो, बिच्छी रहेका छन् । यस लघुकथामा पहाडी जुरे थुम्काको चौबाटोमा अजिङ्गरले गोहोरो, गोहोराले भ्यागुतो, भ्यागुताले विच्छीको आहार गर्न लिप्त हुँदा सबै प्राणीको मृत्यु भएको दुःखान्तको ग्रामीण परिवेश छ । यो लघुकथा चार अनुच्छेदमा संरचित कथा हो । यस कथामा सरल वाक्य ढाँचा, सृष्टी, प्रलय जस्ता तत्सम शब्द र मिसन ब्रेक जस्ता आगन्तुक शब्दको प्रयोग पाइन्छ । कथा वर्णनात्मक शैलीमा लेखिएको छ । बाँच्नका लागि सङ्घर्ष गर्नपर्ने यथार्थ प्रतीकात्मक रूपमा कथामा आएको छ ।

## ५२.  अर्को कोलम्बसले पत्ता लगाएको राष्ट्र

"अनुभूत" लघुकथा सङग्रह (२०६२) को बाउन्नौ लघुकथा 'अर्को कोलम्बसले पत्ता लगाएको राष्ट्र' हो । यस कथाको घटना सन्दर्भ राजनीतिक पक्षको रहेको छ । प्राचीन देश पत्ता लागेको, मिचु-मीना जातिको बसोबास रहेको, त्यस देशमा बनिया जातको घुसपैठले रजाइँ गरी मिचु-मीना जातिलाई देश निकाला गरिएको घटना सन्दर्भ कथामा प्रस्तुत छ, (पृ.५८) । सुख, दुःखमा रमेकाहरू स्वार्थको विरुवा लगाउने विदेशी शासकले स्वदेशीलाई लखेटेको सन्दर्भबाट कथाको शीर्षक चयन भएको छ ।

'अर्को कोलम्बसले पत्ता लगाएको राष्ट्र' लघुकथामा कथाकार म पात्रको रूपमा रही मिचु-मीना जाति र बनिया जातिका पात्रहरू प्रस्तुत छन् । यस लघुकथामा विश्वको देशकाल, स्वावलम्बी तरिकाले गुजारा गरेका जनतालाई देशी घुसपैठले अशान्ति फैलाएर पलायन बनाएको वातावरणीय परिवेश छ । यो लघुकथा चार अनुच्छेदमा संरचित छ । यस कथामा शालीन, कर्मठ, इर्ष्या जस्ता तत्सम शब्द, रवाफ बान्की, गुल्जार जस्ता आगन्तुक शब्दहरूबाट सरल एवं मिश्र वाक्यको प्रयोग छ । यो कथा विवरणात्मक शैलीमा लेखिएको छ ।

## ५३.  धैर्य, विश्वास र प्रेम

"अनुभूत" लघुकथा सङग्रह (२०६२) को त्रिपन्नौँ लघुकथा 'धैर्य, विश्वास र प्रेम' हो । यस कथाको घटना सन्दर्भ सामाजिक पक्षको रहेको छ । कर्ता र कीर्तिबीच विबाह भएको सन्तान नभएको अवस्था, धर्ती, घाम र जुन नामका बच्चा बच्चि खोजेर पालेको, धर्म पुत्र-पुत्रीका नामले पालेका छोराछोरीले सुवास फिँजाएको, छोराछोरीको सुवास एवं सुकीर्तीबाट सुखानुभूत प्राप्त भएको घटना सन्दर्भ रहेको छ, (पृ.५९) । अर्काकै सन्तानलाई पनि स्नेहले पालन पोषण गरी माया-ममता, शिक्षा-दीक्षा र विश्वास दियो भने बुढेसकालमा सुःख हुन्छ भन्ने सन्दर्भबाट कथाको शीर्षक चयन भएको छ ।

'धैर्य, विश्वास र प्रेम' लघुकथामा प्रमुख पात्र कर्ता र कीर्ति हुन् । अन्य पात्रहरूमा छोरोछोरीहरू धर्ती, घाम जुनहरू हुन् । यस लघुकथामा धरातलको शान्तिमय वातावरणीय परिवेश छ । यो लघुकथा चार अनुच्छेदमा संरचित कथा हो । यस कथामा शनि, राहु, केतु जस्ता शब्दहरूबाट सरल वाक्य गठन भइ वर्णनात्मक शैलीको प्रयोग छ ।

## ५४. माटोको माया

"अनुभूत" लघुकथा सङग्रह (२०६२) को चौउन्नौ लघुकथा 'माटोको माया' हो । यस कथाको घटना सन्दर्भ सामाजिक पक्षमा केन्द्रित छ । बर्सात्को पानी हुरी, बतास र बाढी पहिरोले माटोको क्षति भएको, अन्नपात उत्पादनमा ह्रास आएको, माटो सखाप भएको, मल माटो सकिएर अन्नबाली उत्पादन नभए पुर्खोली थलोबाट विस्थापित हुनुपर्ने घटना सन्दर्भ रहेको छ, (पृ. ६०) । माटो प्रतिको आघात माया भएको सन्दर्भमा कथाको शीर्षक चयन भएको छ ।

'माटोको माया' लघुकथाका मुख्य पात्रहरूमा आशाबहादुर र हिराबहादुर रहेका छन् । यस लघुकथामा बर्सात्को समयमा पानी परेर खेत बारीको माटो बगाएकोले बाढी पहिरोबाट विस्थापित हुन बाध्य बनाइने हो कि, भन्ने डर त्रासको ग्रामीण परिवेश छ । यो लघुकथा तीन अनुच्छेदमा संरचित कथा हो । यस कथामा सरल र मिश्र वाक्य गठन भई संवादात्मक शैलीमा लेखिएको छ ।

## ५५. काँचको मञ्च

"अनुभूत" लघुकथा सङग्रह (२०६२) को पच्पन्नौ लघुकथा 'काँचको मञ्च' हो । यस कथाको घटना सन्दर्भ सामाजिक पक्षको रहेको छ । राष्ट्रिय नाटक महोत्सवको आयोजना गरिएको अवस्था, सजिसजावट मञ्चको तयारी भएको, कलाकार उद्घोषकहरू उपस्थित भएका, दर्शकहरू उपस्थित भएका, सामाजिक, धार्मिक, साँस्कृतिक, राजनीतिक नाटक प्रहसन भएको, जुनसुकै नाटकमा पनि दर्शक पेट मिचिमिची हाँसेका, सबै नाटकमा दर्शक हास्नुको रहस्य खुलेको, काँचले छोपेको मञ्च भित्र जुनसुकै व्यक्ति पसे पनि सर्बनग्न देखिएको, काँचको मञ्च नै हाँसोको कारक भई दर्शक दीर्घाबाट ढुङ्गा ईटा बर्साइ मञ्च फुटाइ दिएको घटना सन्दर्भ कथामा रहेको छ, (पृ.६१) । आधुनीकताले कलाकारितालाई नग्न बनाएको सन्दर्भमा कथाको शीर्षक चयन भएको छ ।

काँचको मञ्च लघुकथामा कथाकार आफैले मुख्य पात्रको भूमिका निर्वाह गरेका छन् । अन्य पात्रहरूमा रङ्गमञ्चकर्ता, कलाकर्मी, उद्घोषक, गायक, वाधक र दर्शकहरू रहेका छन् । यस लघुकथामा परम्परागत राष्ट्रिय नाटक महोत्सवमा नाटक प्रदर्शन गर्ने कलाकारहरूलाई मञ्चको व्यवस्था गरिएको छ । उक्त मञ्च सुन्दर र सजिसजावट रहेको देखिन्छ । दर्शक दिर्गामा रहेकाहरू खुब हाँसेका छन् । अन्तत्वगत्वा लाईटिङवालाबाट काँचले छोपेको मञ्चमा कलाकार पस्दा सर्वाङ्ग देखिने वातावरणीय परिवेश छ । यो लघुकथा पाँच अनुच्छेदमा संरचित कथा हो । यस कथामा विम्व, प्रतीक, अलंकारको प्रयोग र जटिल वाक्य गठन हुनुका साथै, पर्श्व, दम्भमुत्त, चरितार्थ जस्ता तत्सम शब्द र लाइटिङ, आर्टिस्ट, कास्टिङ जस्ता आगन्तुक शब्द गठन भई वर्णनात्मक शैलीमा लेखिएको छ ।

## ५६. त्यसपालि त झनै फाट्यो

"अनुभूत" लघुकथा सङग्रह (२०६२) को छपन्नौ लघुकथा 'त्यसपालि त झनै फाट्यो' हो । यस कथाको घटना सन्दर्भ सामाजिक पक्षको रहेको छ । बाल्य कालदेखि नै साहुको भारी बोक्ने गरेको, बाटामा बाबुको मृत्यु भएको, केही दिनपछि टिबी रोगले ग्रसित आमापनि भारीसँगै बाटामा प्राण गएको, टुहुरो बाल भरिया भएको घटना सन्दर्भ कथामा प्रस्तुत छ, (पृ ६३) । पोहोर ढाकर टेकनसँगै बाबु बाटामा मो यसपालि भारीसँगै आमापनि बाटैमा मरेको सन्दर्भबाट कथाको शीर्षक चयन गरिएको छ ।

'त्यसपालि त झनै फाट्या' लघुकथाको प्रमुख पात्र निरे हो । अन्य पात्रहरूमा निरेका बुबा शिरे र निरेकी आमा रहेका छन् । यस लघुकथामा कटारी, ओखलढुङगा,दिक्तेलमा भारी भोकेर जीवन धान्ने बाल्य अवस्थामै नौ वर्षको उमेरमा निरे टुहुरो भरिया बनेको ग्रामीण परिवेश छ । यो लघुकथा चार अनुच्छेदमा संरचित कथा हो । यस कथामा सरल वाक्य गठन र विवरणात्मक शैलीको प्रयोग छ ।

## ५७. किंकर्तव्यविमूढ

"अनुभूत" लघुकथा सङग्रह (२०६२) को सन्ताउन्नौं लघुकथा 'किंकर्तव्यविमूढ' हो । यस कथाको घटना सन्दर्भ राजनीतिक पक्षको रहेको छ । राजनीतिक विकृति, विसङ्गतिले चरम मोड लिएको, एक-अर्कामा अनावश्यक लाञ्छाना लगाएको, अलकत्रो नै छ्यापिएको जस्तो कालो अनुहारको रूपमा सावित गरिएको घटना सर्न्दभ रहेको छ, (पृ. ६४) । राजनीतिक दाउपेचमा एकले अर्कामाथी आरोप प्रत्यारोप लगाएको सन्दर्भबाट कथाको शीर्षक चयन भएको छ ।

'किंकर्तव्यविमूढ' कथाकार स्वयं पात्रका रूपमा रही उन्मादका झुन्डहरूलाई अन्य पात्रका रूपमा प्रस्तुत गरेका छन् । यस लघुकथामा काठमाडौंको त्रिदेवी चोक, भूगोल पार्क रत्नपार्कको खुल्ला मञ्च, उन्माद भई एक दलले अर्को दललाई गाली गलौज गरेको शहरीया परिवेश छ । यो लघुकथा तीन अनुच्छेदमा संरचित कथा हो । यस कथामा सरल वाक्य गठन भई कतै कतै जटिल वाक्य गठन भएको पाइन्छन् । कथा सामान्य शैलीमा लेखिएको छ ।

## ५८. अर्न्तद्वन्द्व

"अनुभूत" लघुकथा सङग्रह (२०६२) को अन्ठाउन्नौं लघुकथा 'अन्तर्द्वन्द्व' हो । यस कथाको घटना सन्दर्भ सामाजिक पक्षको रहेको छ । धर्म, संस्कृतिका नाममा प्रचारवाजी भई दीन दुःखीलाई भ्रम बनाएको, भ्रमलाई सावित पार्न कोसिस गरेको, त्यो कुरा सचेतहरूले थाहा पाएको, अनावश्यक हल्लाबाट आतङ्कित बनाउनेको भेद खुलेको घटना सन्दर्भ यस कथामा रहेको छ, (पृ६५) । झुट्टा प्रचारवाजीमा मोहित बनाउने सन्तहरूको बास्तविक रूप पत्ता लागेको सन्दर्भमा शीर्षक चयन भएको छ ।

'अन्तर्द्वन्द' मुख्य पात्र भुवेश्वर र अन्य पात्र खगेश्वर हुन् । यस लघुकथामा ग्रामीण क्षेत्रका बासिन्दाहरूको मन्दिर, धर्म प्रचारप्रसार प्रवचन, भेला जुलुस आदिको ग्रामीण परिवेश छ । यो लघुकथा तीन अनुच्छेदमा संरचित कथा हो । यस कथामा सरल वाक्य ढाँचा र वर्णनात्मक शैलीको प्रयोग छ ।

## ५९. सन्तुष्टि

"अनुभूत" लघुकथा सङग्रह (२०६२) को उनन्साठीऔं लघुकथा 'सन्तुष्टि' हो । यस कथाको घटना सन्दर्भ राजनीतिक पक्षको रहेको छ । ठुलो छोराको जिज्ञासा बार वर्ष अगाडि जन्म दिएको भए डाक्टर बन्ने, सानु छोराको जिज्ञासा दाजु भन्दा अगाडि जन्म दिएको भए कम्प्युटर सिक्ने, आमाको जिज्ञासा बाह्र वर्ष अगाडि बाबा जन्मिएका भए मन्त्री हुने र सहस्र सम्पत्ति कमाउने भ्रष्टाचारीको विल्ला भिरी जेलमा जाने रहेको घटना सन्दर्भ यस कथाको रहेको छ, (पृ.६६) भ्रष्टाचारीको दाग लाग्नु भन्दा शुभसाइतमा नै जन्मिएका रहेछौ भनी छोराहरूले सन्तुष्टि गरेको सन्दर्भबाट कथाको शीर्षक चयन भएको छ ।

यस लघुकथामा मुख्य पात्र हिरण्य हुन् । अन्य पात्रमा उनकी श्रीमती र दुई छोरा रहेका छन् । यस लघुकथामा हिरण्यको घर परिवार र स्थानीय परिवेश रहेको छ । यो लघुकथा चार अनुच्छेदमा संरचित कथा हो । यस कथामा सरल वाक्य गठन हुनाका साथै स्कुल, डाक्टर, कम्प्युटर जस्ता आगन्तुक शब्दहरू प्रयोग भएका छन् । राजनीतिक परिवेशसहित संवादात्मक शैलीमा यो कथा लेखिएको छ ।

## ६०. अन्ततः सबैको हार

"अनुभूत" लघुकथा सङग्रह (२०६२) को साठीऔ लघुकथा 'अन्ततः सबैको हार' हो । यस कथाको घटना सन्दर्भ सामाजिक पक्षको रहेको छ । जेठो घरमै खेतिपाती ज्याला मजदुरी गरेर बसेको, माइलाले पल्टनबाट नोकरी गरी सम्पत्ति ल्याएको, कान्छाले खाडी राष्ट्रमा गई सम्पत्ति जोडेको, बाबु आमाले छोराहरूलाई गरी खानु नभनेको, सम्पत्तिका नाममा घरायसी द्वन्द्व भएको, न्यायलयमा मुद्दा चलेको, बार वर्षपछि अदालती फैसलामा सारा सम्पत्ति साहुकै भइसकेको घटना सन्दभ यस कथामा प्रस्तुत छ, (पृ.६८) । समाझदारी बिनाको पारिवारिक झगडाले सम्पत्तिको सखाप भई अन्ततः जित कसैको नभएको सन्दर्भमा कथाको शीर्षक चयन भएको छ ।

'अन्ततः सबैको हार' लघुकथामा अदलजित, जसजित र मनजित मुख्य पात्रको रूपमा रहेका छन् । अन्य पात्रहरूमा बाबु आमा रहेका छन् । यस लघुकथामा गाउँ, घर, परिवारमा रहेको चल अचल सम्पत्तिमा भएको पारिवारीक द्वन्द्वले न्यायालय न्यायालयको ढोका उघारी १२ बर्षपछि सारा सम्पत्ति साहुको भएको फैसलामा सबैको हार भएको ग्रामीण परिवेश छ । यो लघुकथा छ अनुच्छेदमा संरचित कथा हो । यस कथामा सरल र अनि बुझ्न अलिक कठिन

भएका शब्दहरूको गठन रहेको छ । बर्सत, परचक्री जस्ता तत्सम शब्द, स्कुल, कलेज, पल्टन, हरबखत जस्ता आगन्तुक शब्दका साथै "आगोलागी झुपडी डेढ घडी भद्रा" जस्ता उखान रहेका छन् । यो कथा वर्णनात्मक शैलीमा लेखिएको छ ।

### ६१. मुण्डमुण्ड विवेक

"अनुभूत" लघुकथा सङग्रह (२०६२) को एकसट्ठीऔं लघुकथा 'मुण्डमुण्ड विवेक' हो । यस कथाको घटना सन्दर्भ राजनीतिक पक्षको रहेको छ । राष्ट्रको भूगोल यर्थाथ जानकारी भएको अवस्था, प्राकृतिक प्रकोपले दुःख भएको, उपल्लो धुर्वका पर्यटकले सुन्दर देखेको, अर्को धुर्वका पर्यटकले पाढी पहिरो गई पशुपछी र मानिस मरेको दुर्घटना भएको देखेको, अर्को पर्यटकले दृश्यावलोकन गर्दा जन-धन, प्रकृति र सृष्टिकै नाश भएको देखेको घटना सन्दर्भ कथामा प्रस्तुत छ, (पृ.६९) । विदेशी चलखेलले राष्ट्र र राष्ट्रियतालाई इतिहासको कठघरामा राखेको सन्दर्भबाट कथाको शीर्षक चयन भएको छ ।

'मुण्डमुण्ड विवेक' लघुकथामा एकमात्र पात्र हाङदेउ छन् । अन्य पात्रको रूपमा विदेशी पर्यटक रहेका छन् । यस लघुकथामा राष्ट्रको ग्रामीण परिवेश रहेको छ । यो लघुकथा पाँच अनुच्छेदमा संरचित कथा हो । यस कथामा सरल र केही जटिल शब्दहरूको गठन रहेको छ । आश्चार्य, अमूर्त, विक्षिप्त जस्ता तत्सम शब्द र व्युटिफुल, स्कुल, ब्रिफिङ जस्ता आगन्तुक शब्द रहेका छन् । यो कथा वर्णनात्मक शैलीमा लेखिएको छ ।

### ६२. नेतृत्वः सूक्ष्म उपमा

"अनुभूत" लघुकथा सङग्रह (२०६२) को बैसट्ठीऔं लघुकथा 'नेतृत्वः सूक्ष्म उपमा' हो । यस कथाको घटना सन्दर्भ राजनीतिक पक्षको रहेको छ । छोरीको विबाहमा योग्य बर छान्ने कुमारहरूको मेलाको आयोजना भएको अवस्था, धेरै प्रतियोगी सहभागी बनेका, चार कुमार प्रतिस्पर्धामा रहेका, वेमानी जङगली कालो घोडाले तीन कुमारलाई सवारी नदिएको, अन्दाजै नगरेका प्रेमपूर्ण व्यवहार गर्ने सिद्वार्थले घोडा दौडाउन सफल भएको, सर्वश्रेष्ठ उम्मेदवार छानिएर कन्यालाई स्वयंवर गरेको घटना सन्दर्भ कथामा रहेको छ, (पृ७०) । सरल र सालिन गुण सम्पन्न नेतृत्वको अपेक्षा राखेको सन्दर्भबाट कथाको शीर्षक चयन गरिएको छ ।

'नेतृत्वः सूक्ष्म उपमा' लघुकथामा सुप्रभु (बाबु) र यशोधरा छोरी मुख्य पात्रको रूपमा रहेका छन् । अन्य पात्रहरूमा नन्द, अजून, देवदत्त र सिद्वार्थ रहेका छन् । यस लघुकथामा सुप्रभुकी छोरी यशोधराको विबाहका लागि प्रतियोगिताबाट योग्य बर छान्ने मेलाको आयोजना भएको छ । उक्त आयोजनामा बलवानहरूको हार सरल सालिन गुण सम्पन्न व्यक्तिको जित भएको वातावरणीय परिवेश छ । यो लघुकथा चार अनुच्छेदमा संरचित छ । यस कथामा सरल वाक्य गठन र वर्णनात्मक शैलीमा लेखिएको छ ।

### ६३. दलीय संस्कार

'दलीय संस्कार' "अनुभूत" लघुकथा सङग्रह (२०६२) को त्रिसट्ठीऔं लघुकथा हो । यस कथाको घटना सन्दर्भ राजनीतिक पक्षको रहेको छ । तित्राले कृषकको बालीनाली विनाश गरेकोमा राज्यमा जाहेरी दिएको, जेठा राजकुमारले बाण हानी घाइते पारेको, माइलाले उपचार गरी खोरमा राखी दानापानी खुवाएर पालेको, कान्छाले यो चिडियाखाना हैन भनी किचोला निकालेको, न्यायालयमा मुद्दा चलेको, पछी मानव बस्तीमा थुनेर राख्न मिल्दैन भनी फैसला भई जङगलमै छाडी दिएको, फेरि कृषकको बाली तित्राले नष्ट गरेको घटना सन्दर्भ रहेको छ, (पृ.७१) । यस कथामा राजनीतिक दलहरूले कुण्डले मुण्डलेलाई ओत दिएर जनताले दुःख भोग्नु परेको सन्दर्भबाट शीर्षक चयन भएको छ ।

'दलीय संस्कार' लघुकथामा मानवेतर प्राणी मुख्य पात्र तित्रो रहेको छ ।अन्य पात्रहरूमा कृषक, जेठा राजकुमार, माहिला राजकुमार, कान्छा राजकुमार रहेका छन् । यस लघुकथामा राजनीतिक खिचातानीले जगेर्ना गरेका झुन्डहरूलाई उक्साएर जनतालाई दुःख दिएको ग्रामीण परिवेश छ । यो लघुकथा छ अनुच्छेदमा संरचित कथा हो । यस कथामा सरल वाक्य गठन रहेको छ । "तित्राको मुखै बैरी" जस्ता उखानको प्रयोगसँगै विवरणात्मक शैलीमा लेखिएको छ ।

## ६४. कला-कुलांगारिता

"अनुभूत" लघुकथा सङग्रह (२०६२) को चौसट्ठीऔं लघुकथा 'कला-कुलांबगारिता' हो । यस कथाको राजनीतिक घटना सन्दर्भ रहेको छ । गरिब असहाय, अबुझ, अचेतहरूमा धाक धम्कि र शिल्पबाट शासन चलाएको अवस्था, दूरगामी नीति निमार्ण बनाई बोधी वृक्ष भएको जनमानसमा भ्रम छरेको, जनता केही सचेत बन्दै गई विश्वास गर्न छाडेको, विद्रोह जन्मिएको, विद्रोहबाट पगरी खोसिएको, पगरीलाई स्वार्थको भाँडोमा परिणत गरिएको घटना सन्दर्भ कथामा प्रस्तुत छ, (पृ.७२) । न्यायोचित शासन नभइ प्रलोभन देखाई अल्मल्याउने कलाबाट जनता रुष्ट भएको सन्दर्भमा शीर्षक चयन गरिएको छ ।

'दलीय संस्कार' लघुकथामा अनुलोभ प्रमुख पात्रको रूपमा रहेको छ । अन्य पात्रहरूमा बटुकहरू रहेका छन् । यस लघुकथामा निश्चित ठाउँ तोकिएको छैन अनुलोभ नामक पात्रले आफ्नो सनातन पेसा बदली सर्वसाधारणलाई विभिन्न बहानाबाट आफु नजिक पारी शासन चलाएको छ । न्यायोचित शासन नभएकाले उसलाई गलहत्याएर फालिएको वातावरणीय परिवेश छ । यो लघुकथा तीन अनुच्छेदमा संरचित कथा हो । यस कथामा सरल वाक्य ढाँचा र विवरणात्मक शैलीको प्रयोग छ ।

### ६५. अलविदा

"अनुभूत" लघुकथा सङग्रह (२०६२) को पैसट्ठीऔँ लघुकथा 'अलविदा' हो । यस कथाको घटना सन्दर्भ राजनीतिक पक्षको रहेको छ । हिम प्रदेशमा सलहको वथान आइ बालीनाली विनाश गरी डाँफे विस्थापित भएको अवस्था, भौतारीदै मरुभूमि पुगेको, फेरि हिमालमा फर्कन खोजेको, अचानक दानव जत्थाले गाँजी अर्धमृत बनाई बालुवामा पछारेको, अन्तिम इच्छा जाहेर गर्न आदेश भएको, अन्तिम सास फेरेर छोराछोरी, श्रीमती, मातापिता, हिमाल र गुराँसे पाखाको नाम उच्चारण गर्न पाएको, हलाहलबाट चिर सम्भना गरी अलविदा भएको घटना सन्दर्भ कथामा प्रस्तुत छ, (पृ.७३) । दमनबाट जीवनलाई अलविदा दिनेका रगतले संसारलाई हल्लाउने बोभिलो भार बनेको सन्दर्भबाट कथाको शीर्षक चयन भएको छ ।

**अलविदा** लघुकथामा मानवेतर पात्रहरू सलह, डाँफे रहेका छन् । अन्य पात्रहरूमा दानव देखाइएका छन् । यस लघुकथामा हिमाल, पहाड, तराई, मरुभूमि, समुद्री तटको ग्रामीण परिवेश छ । यो लघुकथा तीन अनुच्छेदमा संरचित कथा हो । यस कथामा चीर श्रद्धा, स्पर्श जस्ता तत्सम शब्द, औंधी, मेसिन, और जस्ता आगन्तुक शब्दबाट सरल वाक्य गठन भएको छ । यो कथा प्रतीकात्मक, आलङ्कारिक र बर्णनात्मक शैलीमा लेखिएको छ ।

## ४.६ कथागत प्रवृत्ति

"अनुभूत" लघुकथा सङग्रह (२०६२) का कथामा विविध प्रस्तुति पाइन्छ । कथाकारले राजनीतिक वा समाजसेवीको खोल ओढी व्यक्तिगत स्वार्थमा लिप्सा भएका नेपाली राजनीतिमा भएको द्वन्द्वबाट त्रसित जनताको पीडाबोध छ । सामाजिक विकृति र विसङगतिले ग्रसित धार्मिक परम्पराको भण्डाफोर गर्छन् । शैक्षिक गुणस्तरले भित्र्याएको अशिक्षा सुनौलो सपनाको आशामा डुबेका नेपाली जनता निरासावादी बन्नुका साथै नारी पीडा र गरिबीको चित्रण यिनका कथामा भएको छ । कर्मचारी तन्त्रको भ्रष्टाचारी प्रवृत्ति पनि कथामा उदाङ्गो पारिएको छ । शोषण सामन्तीले घेरिएको जालो हटाउन नसकेको दुखेसो पोखेका छन् । सामाजिक ऐतिहासिक, राजनीतिक घटना सन्दर्भमा कथा लेख्ने कथाकार वि.थुलुङ हुन् । उनका कथामा मानवी र मानवेत्तर पात्रको प्रयोग पाइन्छ । थुलुङका कथामा ग्रामीण सहरिया परिवेशको प्रयोग हुनाका साथै समसामयिक घटना सन्दर्भ पनि रहेका छन् । उनका कथामा संरचनागत पक्ष तिन अनुच्छेददेखि छ अनुच्छेदसम्म भई वर्णनात्मक, विवरणात्मक, संवादात्मक आादि शैलीको प्रयोग भएको पाइन्छ । भाषिक पक्षमा सरल वाक्य ढाँचा, उखान टुक्काको प्रयोग गरिएको छ । यी सामाजिक यथार्थवादी कथाकार हुन् ।

## ४.७ निष्कर्ष

बि. (बम) थुलुङ (२०६२) अनुभुत लघुकथा सङ्ग्रहका रूपमा प्रकाशित कृति हो । यस कृतिमा ६३ पृष्ठभित्र ६५ वटा लघुकथाहरू रहेका छन् । यस आख्यानात्मक कृतिमा सामाजिक, राजनीतिक, संस्कृतिक अवस्थालाई चित्रण गरिएको छ । कथामा आशावादी, निरासावादी, युद्धगत, द्वन्द्वगत, ऐतिहासिक, नारीवादी, गरिबीको चित्रण, शोषण, शैक्षिक, भ्रष्टाचारी गुन्डागर्दीले ओत पाएको आदि अवस्था आएको छ । लघुकथाकार थुलुङ सामाजिक सन्दर्भका कथाकार हुन् । यिनका कथामा सामाजिक यथार्थ प्रतिबिम्ब भएको छ । समाजमा चरित्र टिपेर सूत्रात्मक रूपमा जीवनका गहन पक्ष उद्घाटन गर्नु यिनको विशेषता हो । राजनीतिक, सामाजिक, संस्कृतिक विसङ्गतिप्रति व्याङग्यात्मक रूपमा प्रस्तुत गरिएको छ । गाउँ समाज, धनी, गरिब स्वार्थी निःस्वार्थी, विद्वान्, राजनीतिज्ञ, समाजसेवी प्रलोभनवादीहरूलाई कथामा मूल सन्देश दिएको पाइन्छ । जन्मभूमि र जन्मभूमिका सन्ततिप्रति सहानुभूति देखाउन यो सफल कृति हो ।

## अध्याय पाँच

# निष्कर्ष

प्रस्तुत शोधपत्र शोधनायक बि. (बम) थुलुङको जीवनी, व्याक्तित्व, कृतित्वको अध्ययन अनुसन्धान एवं विश्लेषणमा केन्द्रित छ । यो शोधपत्र पाँच अध्यायमा प्रस्तुत गरिएको छ । पहिलो अध्याय शोधपरिचयमा सीमित छ । दोस्रो अध्यायमा थुलुङको जीवनीका विविध पक्षको अध्ययन गरिएको छ । तेस्रो अध्याय थुलुङका व्यक्तित्वको खोजीमा केन्द्रित छ । बि. (बम) थुलुङ पिता अंगदबहादु राई, र माता मनलक्ष्मी राई जेठा सुपुत्रका रूपमा २००८ साल जेठ २९ गते मङगलबारका दिन जन्मिएका हुन् । उनको न्वारनको नाम बन्दवीर थुलुङ हो । उनको नेपाली नागरिकतामा बम थुलुङ नाम भएपनि साहित्यमा उनी बि. थुलुङ लेख्छन् । सगरमाथा अञ्चल खोटाङ जिल्लाको बुइपा गाविस वडा नं ६ को तीनधारे, छापगाउँमा जन्म भएको हो । उनको बाल्यकाल सामान्य बालबालिका सरह नै परिवारको माया ममतामा र बाजेसँग गोठमा रमाएर बितेको पाइन्छ । उनको प्रारम्भिक शिक्षा घरबाट नै आरम्भ भएको हो । उनले स्नातकोत्तर तहसम्मको अध्ययन पूरा गरेका छन् । उनी जिम्मेवार अभिभावक, सामाजिक सेवामा लाग्ने समाज सेवी शिक्षण पेसामा मरिमेट्ने शिक्षक हुन् । यसका अतिरिक्त साहित्य सृजना गरी नेपाली साहित्यमा योगदान पुऱ्याउने साहित्यिक व्यक्तिका रूपमा पनि उनी देखा परेका छन् ।

बि. (बम) थुलुङले विभिन्न विद्यालयमा शिक्षण पेसामा संलग्न भई महेन्द्र बहुमुखी क्याम्पस धरानबाट स्नातक र त्रिविविबाट स्नाकोत्तर उपाधि लिएको पाइन्छ । विक्रम सम्बत २०३६ देखि संयुक्त पाटन क्याम्पस ललितपुरबाट प्राध्यापन पेसामा प्रवेश गरी २०४२ सालदेखि दिक्तेल बहुमुखी क्याम्पस दिक्तेलमा क्याम्पस प्रमुखको जिम्मेवारी बहन गरेको पाइन्छ । बि. (बम) थुलुङले ग्रामीण तथा सहरिया क्षेत्रको अनुभव समेट्नाका साथै अन्नपूर्ण हिमालको समेत आरोहण गरेको पाइन्छ । उनले खोटाङ जिल्लाका प्रायः जसो सामाजिक साहित्यिक सङ्घ-संस्थाहरूमा पदीय जिम्मेवारी बहन गरी योगदान पुऱ्याएको देखिन्छ । उनको विबाह २०५२ सालमा खोटाङ जिल्लाको डुम्रे धारापानी गाविस वाड नं ६ निवासी पिता तारमान राई र माता तिर्था राईकी कान्छी सुपुत्री बालु राईसँग भएको हो । उनी दुई सन्तानका पिता हुन् । उनको ५५ बर्षको उमेरमा २०६३ साल चैत्र ५ गते आइतबारका दिन मृत्यु भएको हो ।

चौथो अध्यायमा उनको कृतित्वको चर्चा छ । यस क्रममा **अनुभूत** लघुकथाको विश्लेषणको आधार सहित कथा विश्लेषण गरिएको छ । उनी सामाजिक यथार्थको चित्रण गर्ने कथाकार भएको अध्ययनमा निष्कर्षमा प्रस्तुत छ । बि. (बम) थुलुङका विभिन्न पत्रपत्रिकाहरूमा फुटकर कविता कथा, संस्मरण लेख रचनाहरू प्रकाशन भएका छन् । उनको प्रकाशित कृति **अनुभूत** लघुकथा सङ्ग्रह २०६२ एक मात्र कृति हो । उनका यस कृतिमा ६५ वटा लघुकथाहरू

रहेका छन् । वि (बम) थुलुङका अनुभुत लघुकथा सङ्ग्रह २०६२ भित्रका लघुकथाहरूमा राजनीतिक, सामाजिक, सांस्कृतिक, युद्धगत र द्वन्द्वगत घटना सन्दर्भ रहेका छन् । उनका कथामा बढी मात्रामा सामाजिक र राजनीतिक द्वन्द्वबाट ग्रसित जनताको परपीडालाई व्यक्त गरिएको पाइन्छ । कथाभित्र प्रायः स्थानीय बन, पाखा, गाउँ, घर, विद्यालय विपन्नता, गरिबीको अवस्था रहेको परिवेश देखिन्छ । उनका कथामा सरल, सहज र सरस वाक्य गठनका साथै उखान टुक्काको प्रयोगले कथामा मिठास दिइएको पाइन्छ । प्रायः जसो वर्णनात्मक शैली र आगन्तुक शब्दहरूको प्रयोग पाइन्छ ।

नेपाली साहित्यको विविध विधामा कलम चलाउनका साथै विविध सङ्घ संस्थामा संलग्न रहेका थुलुङले साहित्यको सृजना, विकास र संबर्द्धनमा योगदान दिएका छन् । साहित्य सेवी थुलुङको व्यक्तित्व र योगदान अनुकरणीय छ । उनी नेपाली साहित्यका लघुकथाकारका रूपमा परिचित मानवतावादी तथा समाजवादी साहित्यकार हुन् ।

अन्तमा बम थुलुङ कविता निबन्ध विधामा कलम चलाए पनि लघुकथामा साधना गर्ने आख्यानकार हुन् । उनी लघुकथामा घटना सन्दर्भ, पात्र, परिवेश सिर्जना गर्दै मौलिक कथ्य संरचना निर्माण गर्छन् । उनका कथामा सामाजिक यथार्थ चित्रण नै मुख्य विषय रहेको छ । समाजका विविध पात्रको खोजी गरी विसङ्गतिप्रति टिप्पणी गर्नु उनका कथा लेखनको विशेषता हो । ग्रामीण परिवेशलाई महत्व दिएर कथा लेख्ने कथाकार थुलुङ हुन् । उनी सामाजिक यथार्थलाई महत्व दिएर समसामयिक घटना सन्दर्भको सूत्रात्मक कथ्य आधार दिने कथाकार हुन् ।

# परिशिष्ट

शीर्षक

१. व्यक्तिवृत्त

२. नेपाली नागरिकताको प्रतिलिपि

३. शोधनायकको (२०६०) मा खोटाङ दर्पणमा दिएको लिखित अन्तर्वार्ता

# सन्दर्भसामग्री सूची


गौतम, लक्ष्मण, (२०५७), सान्दर्भिक समालोचना, काठमाडौं : पैरवी प्रकाशन ।

थापा, रामविक्रम, (२०५३), 'साहित्यिक सेरोफेरो खोटाङ', **प्रतिभा** वर्ष २, अङ्क २, पृष्ठ १-१५

थुलुङ, बि. (२०५३), 'परिचय प्रतिवेदन', **नयाँ कदम** अङ्क २, वर्ष १६ ,

........... (२०५४), 'क्याम्पसको गतिविधि', **नयाँ कदम,** अङ्क ३, वर्ष १७ ।

........... (२०५६), 'जातिवाद', **प्रतिभा,** अङ्क ३, वर्ष ५, पृष्ठ १-११

........... (२०५६), 'शिक्षा जगत् खोटाङ', **दिक्तेल सांस्कृतिक महोत्सव स्मारिका,** पृष्ठ १-२२

........... (२०५७), 'सांस्कृतिक परिचय', **गोरेटो,** अङ्क १, वर्ष १, पृष्ठ १-१४

........... (२०५७), 'शैक्षिक पद्धति संरचना, शिक्षा एक अवलोकन', **मुक्ति सन्देश** अङ्क १, वर्ष १, पृष्ठ १-१४

........... (२०५९), 'विवेक हीनताप्रतिको दया', **कर्मचारी,** अङ्क ३, पृष्ठ १-२५

........... (२०५९), 'संस्मरण सम्झनाभरि श्रद्धा सुमन', **नयाँ कदम,** वर्ष २३ ।

........... (२०६२), **अनुभूत,** खोटाङ : राष्ट्रिय वाङमय कला प्रतिष्ठान नेपाल ।

नेपाल, शैलेन्द्रप्रकाश (२०५५), 'लघुकथा चिनारी', **मधुपर्क** विशेषाङ्क अङ्क ४, वर्ष ३१, पूर्णाङ्क ३५०, पृष्ठ १३१-१३२ ।

राई, हिराकला (२०६८), *साहित्यकार चमा थुलुङ,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।

शर्मा, मोहनराज (२०६३), **समकालीन समालोचना सिद्धान्त र प्रयोग,** दो.सं., काठमाडौं : अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन ।

शर्मा, सुकुम (२०६७) 'माटो खोज्दै वर्तमानको प्रतिविम्ब', **माटो खोज्दै**, पृष्ठ ढ ।

सुवेदी, "श्रमिक" धनप्रसाद (२०५९), 'खोटाङे साहित्यको संक्षिप्त आकलन', **समय,** वर्ष १, अङ्क १, पृष्ठ १-९ ।